माघ – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २३, अङ्क १९ | २०७१, माघ १–१५ | पूर्णाङ्क ५४१



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.ब.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य**
**सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष | ३ |
| पूर्ण | ३ |
| संयुक्त | ४ |
| इजलास नं. १ | १० |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | ७ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ७ |
| इजलास नं. ७ | ३ |
| एकल इजलास | ३ |
| रीत/बेरीत आदेश | २ |
| जम्मा | ५७ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, माघ – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

**विषयसूची**


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-३** |
| १. | उत्प्रेषण | अधिवक्ता सूर्यबहादुर पाण्डेसमेत वि. नेपाल सरकार | |
| २. | उत्प्रेषण/ परमादेश | डा.मिङ्गमार गेल्जेन शेर्पा वि. नेपाल सरकार, | |
| ३. | उत्प्रेषण/ परमादेश | कमलप्रसाद इटनी वि. राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौंसमेत | |
| **पूर्ण इजलास** | | | **३-६** |
| ४. | अंश चलन | विक्कीरत्न शाक्यसमेत वि. कुलरत्न शाक्यसमेत | |
| ५. | परमादेश | राजेशकुमार काफ्ले वि. न्यायपरिषद् सचिवालय, सर्वोच्च अदालत एनेक्स भवन | |
| **संयुक्त इजलास** | | | **६-१०** |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुवास विश्वकर्मा | |
| ७. | जबर्जस्ती करणी | धनबहादुर वि.क. वि. नेपाल सरकार | |
| ८. | बन्दी प्रत्यक्षीकरण | मिचुङ गुरूङ वि. जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंसमेत | |
| ९. | उत्प्रेषण/ परमादेश | नारायणप्रसाद घिमिरे वि. गुल्टेन चौधरी | |
| **इजलास नं. १** | | | **१०-१४** |
| १०. | उत्प्रेषण/ परमादेश | रोहिणी सिवाकोटीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ११. | उत्प्रेषण/ परमादेश | टीकादेवी भण्डारी (अस्मिता) वि. अध्यक्ष, अन्तरिम चुनावी मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १२. | उत्प्रेषण | प्रल्हादप्रसाद धिताल वि. प्रशासकीय अदालतसमेत | |
| १३. | उत्प्रेषण | उत्तमराज पौडेल वि. शिक्षा मन्त्रालयसमेत | |
| १४. | निषेधाज्ञा/ परमादेश | श्यामलाल कुर्मी वि. सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, बाँकेसमेत | |
| **इजलास नं. २** | | | **१४-१८** |
| १५. | उत्प्रेषण | शान्तीदेवी चौधरीसमेत वि. उपेन्द्रप्रसाद यादवसमेत | |
| १६. | जग्गा दर्ता | मालपोत कार्यालय, गोरखा वि. गोपाल गुरूङ | |
| १७. | करार अनुसार उपयुक्त आदेश जारी गरिपाऊँ | परमानन्द भट्ट वि. जिल्ला विकास समितिको कार्यालय, कन्चनपुरसमेत | |
| १८. | लेनदेन | मदन नारायण चौधरी वि. चन्द्रनारायण चौधरी | |
| १९. | कर्तव्य ज्यान | त्रिवेणी पासी वि. नेपाल सरकार | |
| **इजलास नं. ३** | | | **१८-२४** |
| २०. | उत्प्रेषण/ परमादेश | लोकनाथ दाहाल वि. महालेखा नियन्त्रक कार्यालय, बबरमहल काठमाडौंसमेत | |
| २१. | उत्प्रेषण/ परमादेश | गेरे थापा क्षेत्री वि. शान्ता थापाक्षेत्रीसमेत | |
| २२. | बहुविवाह | नेपाल सरकार वि. रमेशकुमार दाहाल | |

| | | |
|---|---|---|
| २३. | हातहतियार | नेपाल सरकार वि. माधुरी मुखिया |
| २४. | आयकर | खुमराज पराजुली वि. अमितकुमार जैन |
| २५. | उत्प्रेषण/ परमादेश | लालबाबु लाल कर्ण वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंसमेत |
| **इजलास नं. ४** | | **२४-२७** |
| २६. | जबर्जस्ती करणी | नेपाल सरकार वि. हर्कबहादुर बुढाथोकी |
| २७. | जबर्जस्ती करणी | नवराज बास्तोला वि. नेपाल सरकार |
| २८. | मोही कायम | दशराम साहुखल वि. निरज चक्रधरसमेत |
| २९. | केही सार्वजनिक अपराध | नेपाल सरकार वि. इन्दल सिंह (गुडमोर्निङ) भन्ने इन्द्रराजप्रसाद सिंह भूमिहारसमेत |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चन्द्रमान तामाङ डिम्डोङ |
| **इजलास नं. ५** | | **२७-२९** |
| ३१. | मोही लगत कट्टा | दुर्गा तामाङ वि. पुसनलाल चौधरी |
| ३२. | मोही बेदखली | मनिता राई वि. पुसनलाल चौधरी |
| **इजलास नं. ६** | | **२९-३४** |
| ३३. | बन्दी प्रत्यक्षीकरण | ताजश्री सिंह वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत |
| ३४. | उत्प्रेषण | खतिजन खातुन वि. अलिमहमद मियाँ अन्सारीसमेत |
| ३५. | उत्प्रेषण | रामसागर साह वि. तहसिल शाखा, धनुषा जिल्ला अदालत, जनकपुरसमेत |
| ३६. | उत्प्रेषण/ परमादेश | गीतादेवी श्रेष्ठ वि. पुनरावेदन अदालत पाटन, हरिहरभवन ललितपुरसमेत |
| ३७. | उत्प्रेषण | मु.स. गर्ने रामलक्ष्मी श्रेष्ठ वि. पुनरावेदन अदालत, पाटन ललितपुरसमेत |
| ३८. | निषेधाज्ञा/ परमादेश | मधुसुदन मगरसमेत वि. रामकृष्ण नगरकोटीसमेत |
| ३९. | निर्णय बदर | कृष्णभक्त श्यामासमेत वि. विष्णुभक्त श्यामासमेत |
| **इजलास नं. ७** | | **३४-३५** |
| ४०. | निषेधाज्ञा | प्रेमबहादुर गान्धर्वसमेत वि. नन्दन सामुदायिक वन उपभोक्ता समूह, नवलपरासी |
| ४१. | अंश चलन | उद्धव सिवाकोटी वि. प्रान्जल सिवाकोटीसमेत |
| ४२. | हालैदेखिको बकसपत्र लिखत बदर | सुनिल सिवाकोटीसमेत वि. प्रान्जल सिवाकोटीसमेत |
| **एकल इजलास** | | **३६-३७** |
| ४३. | उत्प्रेषण/ परमादेश | आशाराम साह वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत |
| ४४. | उत्प्रेषण | पुण्यप्रसाद अर्याल वि. गीतालक्ष्मी अमात्यसमेत |
| ४५. | उत्प्रेषण | भीमराज बस्नेतसमेत वि. रामगोपाल बस्नेतसमेत |
| **रीत/बेरीत आदेश** | | **३७-३८** |
| ४७. | भ्रष्टाचार | किशोरकुमार श्रेष्ठ वि. नेपाल सरकार |
| ४८. | उत्प्रेषण | ध्रुवनारायण श्रेष्ठसमेत वि. कर्णबहादुर लामा |

## विशेष इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WS-०००६, उत्प्रेषण, *अधिवक्ता सूर्यबहादुर पाण्डेसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

चोरी मुद्दामा प्रमाणको परीक्षणको क्रममा अदालतले अनुमान गर्न सक्ने भन्नेसम्मको कानूनी व्यवस्थाको आधारमा मात्रै कुनै पनि व्यक्तिउपर लागेको कसुर प्रमाणित नहुँदै कसुरदार मानिहाल्ने अवस्था पनि हुँदैन । ऐनको "अन्यथा प्रमाणित नभएसम्म" भन्ने शब्दावलीले आफूउपरको अभियोग अन्य प्रमाणबाट खण्डन गर्न पाउने र खण्डन गर्न सक्ने अवस्थालाई अङ्गीकार गरेको छ । ऐनको सो प्रावधानले त्यस्तो व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर लाग्ने र निजउपरको अभियोगमा अदालतबाट सुनुवाइ हुँदा स्वच्छ सुनुवाइका न्यूनतम् मान्यताहरूलाई अदालतले ग्रहण गर्नबाट इन्कार गर्ने भन्ने अवस्थासमेत रहँदैन । वादी वा प्रतिवादीमाथि राखिने प्रमाणको भार विषयवस्तुको आधारमा तोकिने कुरा भएको र यो विधायिकी नीतिभित्रको कुरा भएको हुँदा संविधानको स्पष्ट उल्लङ्घन नहुँदासम्म अदालतले त्यसमा हस्तेक्षेप गर्न नमिल्ने ।

कानूनले प्रतिबन्ध लगाएको अर्थात् गैरकानूनी चीज वा वस्तु कसैको साथबाट वा बासस्थान आदिबाट बरामद हुन्छ भने त्यस्तो प्रतिबन्धित वा गैरकानूनी चीज वा वस्तु कसरी निजसँग रहन आयो त्यसको सन्तोषजनक र मुनासिब माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु बरामद गरिएको व्यक्तिमा रहनु स्वाभाविक हुन्छ । यस्तो कार्यलाई प्रमाणको भार जबर्जस्ती अर्को पक्षमा अर्थात् प्रतिवादीमा सारिएको भन्ने अर्थमा लिन मिल्दैन । आफूउपर लागेको अभियोगको खण्डन गर्दैमा वा जवाफ दिँदैमा आफ्नो विरूद्ध साक्षी हुन कर लगाइएको भन्ने जस्तो गलत अर्थ गरी संविधानले नै प्रत्याभूत गरेको मौलिक अधिकारको प्रतिकूलको कानूनी व्यवस्था रहेछ भनी सङ्कीर्ण अर्थमा ग्रहण गर्न मिल्ने नदेखिने ।

विधायिकाले आफ्नो विधायिकी अधिकारभित्र रही विधायिकी बुद्धिमत्ता (Legislative Wisdom) को प्रयोग गरी प्रमाण ऐन, २०३१ को दफा ७(क) मा प्रतिबन्धात्मक वाक्यांशसहित गरिएको विशेष व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (५),(७) र (९), प्रमाण ऐन,२०३१ को दफा २५ तथा ICCPR को धारा १४९(२) प्रतिकूलको नदेखिँदा उक्त दफा अमान्य गरिपाउँ भन्ने निवेदकहरूको निवेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः ईश्वर पराजुली

इति संवत् २०७० साल चैत १३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार**

**उपाध्याय,** ०६९-WS-००७४, उत्प्रेषण/परमादेश, *डा.मिङ्गमार गेल्जेन शेर्पा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

सकारात्मक विभेदका आधारमा समावेशीलाई कुन बिन्दुसम्म लाने भन्ने कुरा राज्यको नीतिगत व्यवस्थाबमोजिम हुने कुरा हो । खुला प्रतिस्पर्धालाई सकारात्मक विभेदका आधारमा सिमान्तकृत वर्गको लागि सङ्ख्यात्मक प्रतिशत निर्धारण गरी त्यस्ता वर्गहरूबीच छुट्टै प्रतिस्पर्धा गराई सेवामा प्रवेश गराउन राज्यले लिएको त्यस्तो नीतिगत व्यवस्थामा अदालतले हस्तक्षेप गर्नु न्यायिक दृष्टिले उचित मान्न नसकिने । समानुपातिक समावेशीको आधारबिन्दु खुला प्रतिस्पर्धालाई मानिएको अवस्थामा बढुवापिच्छे समावेशी हुनुपर्ने भन्ने माग न त संविधान र कानूनले प्रत्याभूत गर्न सम्भव हुन्छ न त व्यावहारिक नै । बढुवा भनेको सेवामा प्रवेश गरिसकेका समान कर्मचारीहरूबीचको प्रतिस्पर्धा हो । समान सरह हुने प्रयोजनको लागि असमान अवस्थाका व्यक्तिलाई एकपटक मौका प्रदान गरी त्यस्ता व्यक्तिले राज्यबाट प्राप्त विशेष लाभ प्राप्त गरिसकेको अवस्थामा तहपिच्छे असमान भनी मौका प्रदान गर्दा समानताको सिद्धान्तको उपहास हुनजान्छ । किनकि त्यस्तो सुविधा तहपिच्छेको बढुवामा प्रदान गर्दा समान अवस्थाका व्यक्तिहरूबीच असमान व्यवहार हुनपुग्दछ । समावेशी सिद्धान्तको मूल मर्म भनेको राज्यले सिमान्तकृत तथा आर्थिक, सामाजिक, साँस्कृतिक र अन्य कारणले पछि परेका वर्ग एवम् अल्पसङ्ख्यकसमेतलाई राज्य व्यवस्थाको मूल प्रवाहमा समाहित गराउने उद्देश्यले त्यस्ता वर्गसमेतको प्रतिनिधित्वको अपेक्षा गरी प्रदान गरिएको सुविधा हो । राज्यबाट यस्तो सुविधाको सुनिश्चतता कुनै एक व्यक्तिलाई पटकपटक हुनपर्ने भनी माग गर्न न त समानताको सिद्धान्तले नै मिल्छ न त समावेशीताको सिद्धान्तले नै मिल्छ । कुनै व्यक्ति समावेशीको आधारमा सरकारी सेवामा प्रवेश गरेपश्चात निजका हकमा पुनः समावेशीबाट पाउने लाभ समाप्त भएको मान्नुपर्ने ।

बढुवा पदसोपान र वृत्ति विकास पनि हो । यस्तो वृत्ति विकास कर्माचारीको क्षमता, कार्यदक्षता, कार्यकुशलता, अनुभव, जेष्ठता र योग्यताका आधारमा हुने हो, समावेशीताको आधारमा होइन । बढुवा पदसोपानको सिद्धान्त र समावेशीको सिद्धान्त दुई अलग सिद्धान्त हुन् । समावेशीको सिद्धान्त अनुशरण गरी सुविधा हासिल गरी पदसोपानको सिद्धान्तभित्र प्रवेश गरिसकेका कर्मचारीले पुनः समावेशीको सुविधा माग गर्नु भनेको बढुवा पदसोपानको सिद्धान्तविपरीत हुन जान्छ । वृत्ति विकासको लागि हुनुपर्ने चरित्र र गुण हासिल नगरी हरेक तहमा समावेशी खोज्दा समावेशीको सिद्धान्तले अपेक्षा गरेको सेवाको सशक्तिकरणविपरीत हुनजाने भएबाट यस्तो गैरवैधानिक माग राख्नु मुनासिब नदेखिने ।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौधो संशोधन) अध्यादेश,२०६९ ले संशोधन गरेका प्रावधानहरूलाई कायम राखी स्वास्थ्य सेवा

ऐन, २०५३ (चौथो संशोधन, २०७०) मिति २०७०।१२।१२ देखि लागू भई स्वास्थ्य सेवामा रिक्त रहेका विभिन्न तहका खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेशी सिद्धान्त अनुशरण गरिसकेको हुँदा बढुवापिच्छे समावेशी हुनुपर्ने भनी राखिएको कानून बदरको माग कानून एवम् संविधानसम्मत देखिन नआएबाट नेपाल स्वास्थ्य सेवाको बाह्रौं तहको पदमा कार्यक्षमताको मूल्याङ्कनको माध्यमबाट बढुवा गरिने भनी व्यवस्था गरिएको कानूनी प्रावधानलाई गैरसंवैधानिक भन्न नमिल्ने हुँदा नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ (चौथो संशोधन) अध्यादेश, २०६९ को दफा ८(१)(छ) को प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३,१८,२१,३३(घ१) र ३५(१४) सँग बाझिएको नदेखिएकाले मागबमोजिमको आदेश जारी हुने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या. श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६९-WS-००६०, उत्प्रेषण/परमादेश, *अधिवक्ता कमलप्रसाद इटनी वि. राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौंसमेत*

राजपत्रमा सर्वसाधारणको जीउ ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्न, मुलुकमा कानून र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्नेलगायत सोसँग सम्बन्धित अन्य विषयमा तत्काल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम व्यवस्थापिका संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ भन्ने उल्लेख भएको र दफा १ को उपदफा (१) मा यस ऐनको नाम "सङ्गठित अपराध निवारण ऐन, २०७०" रहेको छ भन्ने उल्लेख भएको देखिँदा बदर माग गरेको अध्यादेश आज सुनुवाइ हुनुभन्दा पहिले नै मिति २०७०।१२।१२ मा ऐनको रूपमा प्रतिस्थापन भएको देखिन आयो । यसरी बदर माग गरेको विवादित अध्यादेश व्यवस्थापिका संसदबाट पारित भई "सङ्गठित अपराध निवारण ऐन, २०७०" नामकरण गरी प्रतिस्थापन भई ऐन बनी हैसियत परिवर्तन भइसकेको र उक्त ऐनको व्यवस्थाउपर निवेदकले कुनै चुनौती दिएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल साउन २९ गते रोज ५ शुभम्।

## पूर्ण इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६७-

DF-००११, अंश चलन, *विक्कीरत्न शाक्यसमेत वि. कुलरत्न शाक्यसमेत*

अविभाजित सगोलको सम्पत्तिमा प्रत्यक्षतया अंशको हक लाग्ने पहिलो पींढिको अंशियारहरूकै हक रहन्छ र अंशियारका छोराछोरी नाति नातिनीहरूलाई अंशियारको नाताबाट अर्को चरणको परोक्ष हक रहन जान्छ तथापि ती सबै हकहरू कानूनबमोजिमकै हक हुन्छन् । सगोलको अमुक सम्पत्ति अविभाजित रहँदासम्म सगोलका सबै अंशियारहरू र अंशियारका सम्पत्तिमा हक लाग्ने तिनका सन्तानहरूको समेत हक र हित रहने हुनाले अविभाजित सगोलको सम्पत्तिमाथि प्रथम पुस्ताका अंशियारहरूको मात्रै आफूखुसी गर्न पाउने सम्पत्तिको रूपमा लिन मिल्ने नदेखिने।

अंश अपुतालीको हक सम्पत्तिको हकसँग सम्बन्धित छ । अंशको हकको कुरा गर्दा अंशियारले अंश लिनैपर्ने भन्ने बाध्यता सिर्जना गर्न मिल्दैन । हक लाग्ने अंशियारहरूले आफ्नो हक परित्याग गर्न नपाउने होइन । तर त्यस्तो हक परित्याग गरेको कुरा निजको स्वेच्छामा आधारित हुनुपर्छ र त्यसले निजको हकमा सम्म बन्धनकारी हुनसक्तछ । अंशियारको हकमा अंशियार र निजको स्वास्नी छोराले समेत मन्जुरीले हक परित्याग गर्दछ भने त्यसमा अरूले चिन्ता लिनुपर्ने कुरा पनि हुँदैन। तर प्रथम वा अघिल्ला पुस्ताका अंशियारले आफ्नो अंश हक छुट्ट्याउने नाममा अंश नलिने गरी वा पाउने हिसाबशान्ति नलिई वा अति कम लिई निजको सम्पत्तिमा हक लाग्ने सन्तानहरूको हक मेटिने परिणाम सिर्जना गर्दछ र त्यसमा निजहरूको मन्जुरी लिइएको छैन भने त्यसको भिन्न कानूनी परिणाम रहने।

सामान्यतया बाबु आमाले आफ्नो सन्तानको अंश हक वा कानूनबमोजिम पाउने भागमा नै प्रतिकूल असर पर्ने गरी व्यवहार गर्ने अपेक्षा गरिँदैन तर बाबु वा आमाबीच र छोराछोरीबीच कुनैरूपमा सम्बन्ध बिग्रेको अवस्थामा त्यस्तो प्रतिकूल परिणाम निकाल्ने गरी आत्मघातीरूपमा पनि अंश लिनुदिनु गर्दैनन् भन्न सकिंदैन । सगोलको सम्पत्तिमा प्रत्यक्ष वा परोक्षरूपमा कानूनी हक वा हित भएका सन्तानहरूको अंश अपुतालीको हकमा अघिल्लो पुस्ताको अंशियार भएको नाताले जसरी पनि प्रभाव पार्न पाइन्छ भन्ने कुरा कानून, न्याय र विवेकसङ्गत हुँदैन । त्यसैले अंशियारहरूबीच अंश लिनुदिनु गर्दा अंशियारले कानूनबमोजिम भागशान्ति लिए पाएको छ वा छैन र त्यसबाट तिनका आआफ्नो सन्तानमा असर पर्न गएको छ वा छैन भन्ने कुरा हेर्न जरूरी हुने।

वादीहरूका पति पिता पुष्परत्न शाक्यले अंशबापत प्राप्त गर्ने सम्पत्तिबाट नै यी नारीहरूले अंश हक प्राप्त गर्ने हुँदा निज पुष्परत्न शाक्यले वादीहरूलाई निरअंशी बनाउने दुराशयका साथ अंशबन्डाको महलको १ नं. र २ नं. बमोजिम आफूले अंश बन्डाबाट लिनुपर्ने सम्पत्ति नलिएको अवस्थामा निजको नाममा अब सम्पत्ति नै नरहेबाट भविष्यमा निजसँग सम्पत्ति देखियो भने सोबाट अंश पाउने भनी वादीहरूले कुनै पनि सम्पत्ति प्राप्त गर्न नसक्ने अवस्था न्यायोचित हुन

नसक्ने।

वादीका पति पिताले आफ्नो हकमा जे गर्न सके पनि निजको अंश भागमा सरोकार रहने र कानूनबमोजिम अंश प्राप्त गर्नसक्ने पत्नी वा सन्तानको हकमा अंश भागै कटौती हुने गरी अत्यन्तै न्यून भाग अंश लिए पनि पति पिताको सो कार्यले वादीहरूको हकमा बन्धनकारी परिणाम निकाल्न सक्ने हुँदैन। उक्त मिति २०५५।१।४ को बन्डापत्र यी वादीहरूको मन्जुरी वा सहमतिमा भएको भन्ने नदेखिएको अवस्थामा आफूभन्दा तल्लो पुस्ताको अंश हकमा असर पार्ने उद्देश्यले तयार पारिएको उक्त बन्डापत्रले अंशबन्डाको महलको १ र २ नं. बमोजिमको हैसियत प्राप्त गर्न सक्ने अवस्था नदेखिँदा वादीहरूका हकमा उक्त बन्डापत्रको कानूनी हैसियत शून्य रहेको देखिन आउने।

प्रतिवादीहरूले वादीहरूलाई निरअंशी तुल्याउने दुराशयले वादीहरूलाई थाहा जानकारी नदिई निजहरूको मन्जुरी नलिई मिति २०५५।१।४ मा बन्डापत्र पारित गरी वादीहरूका पति पिता पुण्यरत्न शाक्यले अंशबापत नगदै रकम बुझिलिएको देखाई वादीहरूका पति पिताको नाउँमा कुनै सम्पत्ति नरहेको भनी वादीहरूका पति पिताबाहेकका अन्य प्रतिवादीहरूबाट वादीहरूले अंश नपाउने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।७।२० को फैसला उल्टी भै वादी प्रतिवादीले पेस गरेको तायदातीबाट देखिएको वादीहरूका पति पिताको मूल अंशियारहरूको नाममा रहेका कि.नं. १११३ र कि.नं. ६३९ को घर जग्गासमेतलाई सात भाग लगाई सोबाट प्रतिवादी पुष्परत्न शाक्यको एक भाग छुट्याई सो एक भागलाई छ भाग गरी छ भागको पाँच भाग वादीहरूले अंश पाउने ठहर्छ। उपर्युक्तबमोजिम वादीहरूले अंश पाउने ठहर्‍याएको माननीय न्यायाधीश श्री प्रकाश वस्तीको राय सदर हुने।

इजलास अधिकृतः- विश्वनाथ भट्टराई

कम्प्युटर गर्नेः-विकेश गुरागाईं

इति संवत् २०७१ साल कात्तिक २० गते रोज ५ शुभम्।

- यसै लगाउको ०६७-DF-००१२, लिखत बदर, *विक्कीरत्न शाक्यसमेत वि. कुलरत्न शाक्यसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-NF-०००१ परमादेश, *राजेशकुमार काफ्ले वि. न्यायपरिषद् सचिवालय*

निवेदक निजामती कर्मचारी हुँदाकै अवस्थामा उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७ को नियम ३ र नियम ७ बमोजिम निजको विवरण सम्बन्धित आधिकारिक निकायबाट सच्चिइसकेको देखिँदा त्यसलाई हाल आएर अन्यथा भन्न मिलेन। न्यायपरिषद्ले पनि न्यायाधीश नियुक्ति हुनुपूर्व त्यस्तो व्यक्ति निजामती कर्मचारी रहेछ भने निजामती किताबखानाबाट विवरण (सिटरोल) मगाई प्राप्त सोही विवरणको आधारमा आफ्नो विवरण अद्यावधिक गर्ने भएकोले पनि त्यसरी सच्चिइसकेको विवरणलाई

मान्दिन, साविककै विवरणलाई मान्दछु भनी भन्न मिल्ने देखिँदैन । त्यसमा पनि पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०४८ को दफा २ क मा भएको व्यवस्थाअनुसार पनि शिक्षण संस्थाको प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्र वा वैयक्तिक नोकरी विवरण (सिटरोल) मा फरकफरक जन्म मिति उल्लेख भएको रहेछ भने माथि उल्लिखित जुन कागजातमा भएको जन्म मितिबाट निज अवकाश हुन्छ सोही आधारमा उमेरको गणना गर्ने भन्ने व्यवस्था भएकोमा निवेदकको शैक्षिक योग्यता, नागरिकता र सिटरोल तीनवटै कागजातमा उल्लिखित उमेर सच्चिई एउटै कायम भैसकेको र निवेदक जिल्ला न्यायाधीश पदमा नियुक्ति हुनुपूर्व कायम भएको त्यस्तो पछिल्लो विवरण नै आधिकारिक मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा आधिकारिक निकायहरूबाट कानूनबमोजिम प्राप्त विवरणलाई स्वीकार गरी अभिलेख अद्यावधिक गर्न विपक्षी न्यायपरिषद्ले इन्कार गर्नुपर्ने आधार र कारण नदेखिने ।

मिति २०५८।१।५ मा जिल्ला न्यायाधीश पदमा नियुक्त हुनुपूर्व निजामती कार्मचारीको रूपमा कार्यरत रहेका यी निवेदकले सम्बन्धित निकायहरूबाट आफ्नो शैक्षिक प्रमाणपत्रमा कायम भएको जन्म मिति २०१८।८।२८ कायम गराइसकेको र साधिकार निकायबाट कानूनबमोजिम जन्म मिति सच्याएको काम कारवाहीउपर कसैको दावी विरोध उजुरीसमेत नपरी निर्णय अन्तिम भएको अवस्थामा पछिल्लो कागज नै आधिकारिक हुने र सोही कागजले मान्यता पाउने सर्वसामान्य नियम भएकाले विपक्षी न्यायपरिषद्ले विवरण अद्यावधिक गर्ने सम्बन्धमा वर्षौंसम्म निर्णय नगरी यत्तिकै राखिराख्न कानूनतः मिल्ने अवस्था नहुँदा उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७ को नियम ३ र ७ मा भएको कानूनी व्यवस्था तथा माथि उल्लिखित नजिर सिद्धान्तसमेतको प्रतिकूल हुने गरी भएको यस अदालत संयुक्त इजलासको मिति २०६८।५।१८ को निर्णय त्रुटिपूर्ण देखिएकाले बदर गरिदिएको छ । न्यायपरिषद् सचिवालयको साविकको रेकर्डमा रहेको निवेदकको जन्म मिति हटाई निवेदक मागबमोजिम सच्याइएको जन्म मिति २०१८।८।२८ कायम गरी अभिलेख राख्नु भनी विपक्षी न्यायपरिषद् सचिवालयको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटर टाइप गर्नेः बिक्रम प्रधान

इति संवत् २०७१ साल असार १९ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-RC-००११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुवास विश्वकर्मा*

कानमा लगाएको सुन लुट्ने मनसायले मृतकलाई प्रतिवादीले मिठाई खान दिई साथैमा लिई जाँदै गर्दा सुन निकालेको र सुन निकालेपछि सुन निकालेको कुरा सबैलाई थाहा हुने डरले

बच्चालाई म्याग्दी खोलामा जिउँदै बगाई आफू फर्किएर आएको भनी अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष एकै व्यहोराले बयान गरेको देखिन्छ । यी प्रतिवादीले बच्चालाई ललाइफकाई मिठाई खान दिँदै लैजानुबाट नै खराब मनसाय सिद्ध भएको देखिन्छ । मौकामा कागज गर्ने अमृता बि.क., रोजिना खड्का, विष्णुदत्त उपाध्याय र अस्मिता वि.क. समेतले गरिदिएको घटना विवरण कागजबाट पनि प्रतिवादीको बयान व्यहोरालाई समर्थन नै गरेको देखिन आएबाट यी प्रतिवादी सुवास वि.क. ले मृतक बालक निकेश फगामीलाई ललाइफकाई सिंगाको बाटो हुँदै म्याग्दी खोलाको बगरमा पुर्‍याई मनसायपूर्वक जिउँदै म्याग्दी खोलामा बगाई हत्या गरेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजायसमेत हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल वैशाख १९ गते रोज ६ शुभम् ।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१३३६, जबर्जस्ती करणी, *धनबहादुर वि.क. वि. नेपाल सरकार*

जबर्जस्ती करणी मुद्दामा मुख्यतया पीडित नै घटना तथा वारदातको एक्ली प्रत्यक्षदर्शी साक्षी हो । त्यस्तो कार्यमा अर्को पक्ष पनि हुन्छ तर उसले आफू त्यस्तो कार्यमा संलग्न रही मैले आपराधिक कार्य गरें भनेर भन्दैन । ऊ कानूनले हुने सजायमा उन्मुक्ति पाउन खोज्ने पक्ष हो । त्यस्तो अवस्थामा मिसिल संलग्न प्रमाण र घटनासँग सम्बन्धित विषयको विश्लेषण गरी आपराधिक कार्य गरेको हो होइन भन्ने निष्कर्ष निकाल्नपर्ने हुन्छ । प्रमाण र घटनाको विश्लेषणबाट आपराधिक कार्यमा संलग्न रहेको पाइएमा सम्बन्धित कानूनबमोजिम सजाय गर्नुपर्ने ।

प्रतिवादीले अदालतमा पीडित सरीतालाई करणी गरेको होइन भनी कसुरमा इन्कारी रही बयान गरेको भए तापनि पीडित सरीताले यी प्रतिवादीले आफूलाई प्रलोभनमा पारेर जबर्जस्ती करणी गरेको भन्ने तथ्य अनुसन्धानको क्रममा लेखाइदिएकोमा अदालतमा आएर बकपत्र गर्दासमेत सो तथ्यलाई जस्ताको त्यस्तै रूपमा लेखाइदिएको देखिन्छ । प्रतिवादीको आपराधिक कार्यले आफू पीडित भएको सत्य तथ्य घटना सिलसिलेवाररूपमा लेखाइदिएको अवस्थामा पीडितले व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १० को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रत्यक्ष प्रमाणको रूपमा लिनुपर्ने ।

प्रस्तुत मुद्दामा ११ वर्षकी यौनसम्बन्धी कुनै जानकारी वा ज्ञान नै नभएकी पीडित सरीतालाई प्रतिवादीले जबर्जस्ती करणी गरेको कुरा स्पष्ट हुन आएको छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष सहमतिमा करणी गरेको भनी बयान गरेको भए तापनि सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई मन्जुरी लिई वा नलिई जुनसुकै तरिकाले करणी गरेको भए तापनि त्यस्तो कार्य जबर्जस्ती करणीको महलको १ नं. अनुसार जबर्जस्ती करणीको आपराधिक

कार्यभित्र नै पर्ने देखिन्छ । त्यसमा पनि मिति २०६६।८।२० गते पनि यिनै पीडित सरीतालाई हातमा समाई लान खोज्नुबाट पनि मिति २०६६।८।१९ गतेका दिन प्रतिवादीले जबर्जस्ती करणी गरेको तथ्य समर्थित हुने ।

सुरू चितवन जिल्ला अदालतले मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ५ नं. बमोजिम उद्योग गरेको ठहर्‍याई ४ वर्ष कैद सजाय र पीडितले प्रतिवादीबाट रू. ३५,०००।– क्षतिपूर्ति दिलाई भराई पाउने ठहर्‍याई भएको फैसलामा क्षतिपूर्तिको हकमा सुरू सदर गरी कैदको हकमा जबर्जस्ती करणीको महलको ३ को देहाय (२) नं. बमोजिम ८ वर्ष कैद सजाय गरी केही उल्टी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१०।११ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम् ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७१-WH-००१३, बन्दीप्रत्यक्षीकरण, *मिचुङ गुरूङ वि. जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंसमेत*

निवेदक मिचुङ गुरूङलाई विपक्षी काठमाडौं जिल्ला अदालतले सोही अदालतबाट मिति २०६६।८।२३ मा भएको फैसलाले लागेको कैद असुलउपर गराउन मिति २०७१।३।११ मा कैदीपुर्जी दिएको देखिन्छ । युक्तियुक्त आधार कारण नभई कानूनबमोजिम भएको फैसला र जिल्ला अदालतले फैसला कार्यान्वयन गरेको विषय नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको रिट निवेदनबाट यस अदालतले बदर गर्दै जाने हो भने फैसला अन्तिमताको सिद्धान्त र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुने अवस्था आउने ।

निवेदकलाई अधिकारक्षेत्रभन्दा बाहिर गई बद्नियत वा प्रवृत्त भावना लिई कानूनविपरीत पक्राउ गरेको भन्ने देखिँदैन । यस्तो अवस्थामा मागबमोजिमको आदेश जारी गर्दा अदालतको अन्तिम फैसला निस्तेज भई कार्यान्वयन हुन सक्तैन । काठमाडौं जिल्ला अदालतको मिति २०६६।८।२३ को फैसलाले ठहरेको कैद सजाय भुक्तान गर्नु यी निवेदकको दायित्व हो भने फैसलाले कसुरदार ठहरिएको व्यक्तिबाट तोकिएको सजाय असुलउपर गरी कानूनी राज्यको अवधारणाबमोजिम जिम्मेवारी बहन गर्नु विपक्षी काठमाडौं जिल्ला अदालतको पनि दायित्व हो । अदालतले ठहर गरेको सजाय कार्यान्वयन नहुने हो भने अदालतको फैसला निस्प्रभावी भई दण्डहीनताले प्रश्रय पाउँछ । फैसला अन्तिमताको सिद्धान्तले पनि सक्षम अदालतबाट एक पटक भएको फैसला अन्तिम भएर बसेको अवस्थामा कार्यान्वयनयोग्य हुने ।

बन्दीप्रत्यक्षीकरणको मुद्दाबाट फैसला बदर गर्न नमिल्ने भई विपक्षी काठमाडौं जिल्ला अदालतबाट जबर्जस्ती करणी मुद्दामा मिति २०६६।८।२३ मा यी निवेदकलाई ४ वर्ष

कैद सजायसमेत हुने ठहर्‍याई भएको फैसला अन्तिम भएर बसेको अवस्थामा सो फैसला कार्यान्वयनको क्रममा बेरूजु कैद लगत असुल गर्ने गराउने प्रयोजनको लागि निवेदकलाई दिइएको मिति २०७१।३।११ को कैदीपुर्जीमा कुनै कानूनको त्रुटि नदेखिएको अवस्थामा कानूनसम्मत कैदीपुर्जीले निवेदकको संविधानप्रदत्त स्वतन्त्रपूर्वक हिंडडुल गर्न र स्वेच्छापूर्वक सुनुवाइको मौका पाउने संवैधानिक हकमा आघात पुगेको भनी मान्न र अर्थ गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल असोज २८ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६८-CI-१४७४, उत्प्रेषण/परमादेश, *मोरङ जिल्ला, सुन्दरपुर गाउँ विकास समिति वडा नं. ९ स्थित श्री साजिलाल उच्च माध्यमिक विद्यालयका तर्फबाट अधिकारप्राप्त प्राचार्य नारायणप्रसाद घिमिरे वि. गुल्टेन चौधरी*

प्राकृतिक न्यायको सिद्धान्तको उपेक्षा गरी सुनुवाइको मौका नै नदिई गरिएको निर्णयको जानकारी सो निर्णयबाट प्रभावित पक्षले पाउन नसक्नु नितान्त स्वाभाविक कुरा हो । अनुचित विलम्बको सिद्धान्त (Principle of laches) त्यस्तो व्यक्तिको विरूद्ध लागू हुन्छ जसले आफ्नो विरूद्ध भएको निर्णयको जानकारी पाएको वा जानकारी पाउने पर्याप्त आधार हुँदाहुँदै पनि उचित समयभित्र सो निर्णयउपर उपचारको मार्ग अवलम्बन नगरेको हुन्छ । गलत वतन लेखाई बेपत्ते म्याद तामेल गरी प्रतिवाद गर्ने अवसरको गुन्जाइस नै नरहेको अवस्थामा मोही लगत कट्टा गर्ने निर्णयको नक्कल नलिएको वा अरू कुनै माध्यमबाट समेत जानकारी प्राप्त नगरेको वा गर्नसक्ने आधारसमेत नभएको प्रस्तुत निवेदिकाको हकमा अनुचित विलम्बको सिद्धान्तको प्रयोग गरी निजलाई कानूनी उपचार प्रदान गर्नबाट वञ्चित गर्न मिल्ने नदेखिँदा सो सन्दर्भमा समेत पुनरावेदन अदालत, विराटनगरको फैसला कानूनसम्मत नै देखिने।

अवास्तविक वतन उल्लेख गरी मोही लगत कट्टा गराइपाउँ भनी दर्ता भएको मुद्दाबाट मोहीको हक हनन् हुने अवस्था देखिएको र मोहीका हकवालाले कानूनबमोजिम प्रतिवाद गर्न पाउने अवसरबाट वञ्चित भएको देखिनाले उक्त मितिमा भएको निर्णय र सो निर्णयका आधारमा भएका कामकारवाहीहरू कानूनसम्मत नदेखिएकाले प्राकृतिक न्यायसमेतको आधारमा सो निर्णय कायम रहनसक्ने नदेखिने हुँदा भूमिसुधार कार्यलय, मोरङको मिति २०६३।३।३२ को निर्णयले निवेदिका गुल्टेन चौधरीको हक अधिकारमा असर पर्ने देखिएकाले उक्त मिति २०६३।३।३२ को मोही लगत कट्टा गर्ने निर्णय र सो निर्णयको आधारमा गरिएको कामकारवाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदिकालाई समेत बुझी पुन: कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी भूमिसुधार कार्यालय, मोरङको नाममा परमादेशको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति

२०६८।९।२५ को फैसला मुनासिब हुँदा सदर हुने।
इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७१ साल जेठ १२ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-०४९३, उत्प्रेषण/परमादेश, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ बबरमहलमा कार्यालय रहेको नेपाल राष्ट्रिय निर्माण व्यवसायी सङ्गठनको तर्फबाट अख्तियारप्राप्त अध्यक्ष तथा ऐ. वडा नं. ३२ स्थित पाथफाइन्डर कन्स्ट्रक्सनका प्रोप्राइटर भई आफ्नो हकमा समेत रोहिणी सिवाकोटीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

ऐनले गरेको व्यवस्था कार्यान्वयन गर्नका लागि ऐनले प्रदान गरेको अधिकारको सीमाभित्र रही नियम बनाउन पाइने र नियमन गर्न सकिने हुन्छ । ऐनमा नरहेको वा ऐनले अख्तियारी प्रदान नगरेको थप व्यवस्था नियममा राख्न पाइने होइन । कुनै व्यवसाय गर्न पाउने योग्यता वा अयोग्यताको निर्धारण कार्यविधि कानूनद्वारा नियमन वा नियन्त्रण गर्ने नभई सारभूत कानून (Substantial law) द्वारा गर्नुपर्ने हुन्छ । सारभूत कानूनको उद्देश्य पूर्ति गर्न मात्र कार्यविधि कानूनको रूपमा नियमावली बनाउन सकिने हुन्छ । पेसागत हकहित संरक्षणको लागि गठन भएको कुनै संस्थाले यससँग आबद्ध निर्माण व्यवसायीहरूमाथि अनुचित नियन्त्रण लगाउन पाइने होइन । अनुचित नियन्त्रण लगाउन सक्ने गरी कुनै कानूनले पनि अधिकार प्रदान नगरेकाले इजाजतपत्र नवीकरणका लागि दिइने दरखास्तको ढाँचामा नेपाल निर्माण व्यवसायी महासङ्घको सदस्यता लिनुपर्ने र नवीकरण गर्नुपर्ने थप सर्त राख्ने कार्य कानूनसम्मत एवम् संवैधानिक देखिन नआउने।

निर्माण व्यवसायीले आफ्नो इजाजतपत्र नवीकरण गर्दा निर्माण व्यवसायी महासङ्घको सदस्यता अनिवार्यरूपले लिएको हुनुपर्ने र सो सदस्यता नवीकरण गराएको हुनुपर्ने गरी निर्माण व्यवसाय नियमावली, २०५६ को अनुसूची ५ को क्रमसङ्ख्या ५ को खण्ड (क) र (ख) राखिएको देखिन आएकाले उक्त विवादित खण्ड (क) र (ख) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (३)(च) सँग बाँझिएको देखिने भनी यस्तै विषयवस्तु संलग्न रहेको अर्थात निर्माण व्यवसायीहरूको व्यवसाय इजाजतपत्र नवीकरण गर्दा निर्माण व्यवसायी महासङ्घको सदस्यता लिनुपर्ने कानूनी व्यवस्थालाई निवेदक शिवचन्द्र पौडेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०६६-WS-००३३ उत्प्रेषणको रिट निवेदनमा मिति २०६८।१०।५ मा यस अदालतको पाँच सदस्यीय विशेष इजलास (*नेकाप* २०६९, अङ्क ३, निर्णय नं. ८७७७, पृष्ठ ३५७) बाट अवैध घोषित गरिसकेको अवस्था छ । यसरी निर्माण व्यवसायको इजाजतपत्र नवीकरण गराउनको लागि नेपाल निर्माण

व्यवसायी महासङ्घको सदस्यता र नवीकरण मिति उल्लेख गर्नुपर्ने भन्ने निर्माण व्यवसाय नियमावली, २०५६ को अनुसूची ५ को व्यवस्थाले निवेदकको निर्माण व्यवसायको इजाजतपत्र नवीकरण गर्ने कार्य रोक्का राख्नु संविधान एवम् निर्माण व्यवसाय ऐन, २०५५ को प्रतिकूल हुने भनी यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको अवस्था देखिने।

निर्माण व्यवसाय नियमावली, २०५६ को अनुसूची ५ को क्रमसङ्ख्या ५ को खण्ड (क) र (ख) संविधानको धारा १२(३)(च) सँग बाझिएको र निर्माण व्यवसाय ऐन, २०५५ को मनसायविपरीत रहेको भनी यस अदालत विशेष इजलासबाट मिति २०६८।१०।५ मा निर्णय भएको र सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयलाई समेत प्रेषित गरिसकिएको छ । उक्त नियमावलीको खण्ड ५ (क) र (ख) अमान्य घोषित भइसकेपछि विपक्षी भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयबाट मिति २०६९।२।८ को राजपत्रमा प्रकाशित सूचनाबमोजिम उक्त अमान्य भइसकेको नियमको खण्ड ५ (क) र (ख) लाई संशोधन गरी यस अदालतबाट कुनै आदेश नै नभएको जस्तो सम्झी उक्त मन्त्रालयले पुनः सोहीबमोजिम व्यवस्था गरेको कुरा कानूनसङ्गत मान्न सकिँदैन । अदालतको फैसला नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ र न्याय प्रशासन ऐन, २०४८ को दफा १९(१) बमोजिम पक्ष विपक्षलगायत सबैले मान्नुपर्ने बाध्यात्मक व्यवस्था रहेकोमा उक्त रिट नं. २०६६-WS-००३३ मा विपक्षी बनाइएको मन्त्रालयले सो आदेशको परिपालना जस्ताको त्यस्तै नगरेको कार्य यस अदालतलाई स्वीकार्य हुन सक्तैन । तसर्थ मिति २०६९।२।८ को राजपत्रको उक्त सूचनाबमोजिम संशोधन गरिएको निर्माण व्यवसाय नियमावली, २०५६ को अनुसूची ५ को खण्ड ५ को (क) र (ख) को व्यवस्था यस अदालतको विशेष इजलासको मिति २०६८।१०।५ को आदेशप्रतिकूल हुँदा नियमको उक्त व्यवस्था उत्प्रेषणको आदेशद्वारा बदर गरिदिने ठहर्छ । सो ठहर्नाले नियमको उक्त व्यवस्था कार्यान्वयन नगर्नु नगराउनु र सो नियममा विशेष इजलासको आदेशबमोजिम पुनः संशोधन र परिमार्जन गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: ममता खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल असार ३० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०३३०, उत्प्रेषण/परमादेश, *टीकादेवी भण्डारी(अस्मिता) वि. अध्यक्ष, अन्तरिम चुनावी मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानसभा सदस्य निर्वाचन जस्तो महत्त्वपूर्ण निर्वाचन प्रक्रियामा महिलाहरूको बढीभन्दा बढी प्रतिनिधित्व हुन उपयुक्त हुने जिकिरका साथ निवेदकले निर्वाचन प्रक्रियामा समेत महिलाको यथोचित प्रतिनिधित्वको प्रश्न

उठाई यस अदालतसमक्ष संविधानको उपयुक्त व्यवस्थाअनुरूप हुन प्रस्तुत रिट निवेदन दायर गरेको देखिए पनि यी निवेदिकाले निर्वाचन आयोगले अन्तिम नामावली प्रकाशित गर्दा कुल ६१२८ उम्मेद्वारमध्ये महिला उम्मेद्वारको सङ्ख्या जम्मा ६६७ मात्र भई कुल उम्मेद्वारको १०.८९ प्रतिशत मात्र महिला उम्मेद्वार रहेको भनी उल्लेख गरेको देखिएको तर विपक्षी निर्वाचन आयोगको लिखित जवाफबाट दुबै निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको कुल १५९२४ जनाको उम्मेद्वारी दिई महिला उम्मेद्वारको सङ्ख्या ६०९८ रही जम्मा ३८.३० प्रतिशत उम्मेद्वार रहेको भनी उल्लेख गरेकोसमेत देखिँदा निवेदकको निवेदन जिकिर गलत सूचनालाई टेकेर लिएको देखिँदा निर्वाचन आयोगको लिखित जवाफमा महिला उम्मेद्वारको सङ्ख्या यकिन गरी कुल उम्मेद्वारमध्ये एक तिहाईभन्दा बढी सङ्ख्यामा महिला उम्मेद्वार रहेको भनी उल्लेख गरेबाट निवेदकले निवेदन दिने क्रममा उल्लेख गरेको महिलाको उम्मेद्वार सङ्ख्या गलत सूचनाको आधारमा उल्लेख गरेको पाइएको र हाल संविधानसभा निर्वाचन नै सम्पन्न भइसकेकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नु निरर्थक हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०१९६, उत्प्रेषण, *प्रल्हादप्रसाद धिताल वि. प्रशासकीय अदालतसमेत*

प्रशासकीय अदालतले रिट निवेदकले उठाएका प्रश्नहरूमा हेरी निर्णय गरेको छ र सो हेर्नसक्ने निकाय सो अदालत नै हो । यस्तो सजायलाई कानूनबमोजिम अधिकारप्राप्त निकायमा पुनरावेदन परी सो निकायबाट समेत अन्तिम भएको अवस्थामा उक्त मुद्दाको तथ्यमा प्रवेश गरी विषयवस्तुको विवेचना गर्नुपर्ने स्थितिको सिर्जना हुन सक्तैन । विभागीय कारवाही सदर गरेको प्रशासकीय अदालतको निर्णयमा कुनै कानूनी त्रुटि नभएसम्म यस अदालतबाट रिट क्षेत्राधिकारअन्तर्गत त्यस्तो कामकारवाहीमा हस्तक्षेप गर्नु युक्तिसङ्गत हुन नआउने हुँदा वन विभागका महानिर्देशकको मिति २०६९।२।७ को निर्णय र प्रशासकीय अदालतको मिति २०६९।३।२९ को फैसलामा कुनै कानूनी त्रुटि नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल भदौ २४ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-WO-०१९५, उत्प्रेषण, *श्यामप्रसाद वि. प्रशासकीय अदालतसमेत*
- ०६९-WO-०२५०, उत्प्रेषण, *शान्तमुनि ताम्राकार वि. प्रशासकीय अदालतसमेत*
- ०६९-WO-०३४६, उत्प्रेषण, *प्रभुनाथप्रसाद यादव वि. प्रशासकीय अदालतसमेत*

- ०६९-WO-०३५४, उत्प्रेषण, *राजेन्द्रप्रसाद न्यौपाने वि. प्रशासकीय अदालतसमेत*

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-०९६९, उत्प्रेषण, *उत्तमराज पौडेल वि. शिक्षा मन्त्रालयसमेत*

निवेदक स्वयम्ले मिति २०६८।५।५ मा भरेको निवृत्तिभरण अधिकारपत्रको माग फारामको निवृत्तिभरण/उपदानको लागि प्रयोग हुने फाराम (सरूवा/बढुवासम्बन्धी) मा मिति २०२८।८।१ देखि २०२९।९।२ सम्म गरेको सेवा अवधिलाई "योजनापूर्व अस्थायी" भनी उल्लेख गरेको पाइयो। यसरी निवेदक स्वयम्ले आफूले अस्थायी नियुक्ति पाई सेवा गरेको स्वीकार गरेको देखिएको अवस्थामा निजले रिट निवेदनमा स्थायी नियुक्ति पाएको भन्ने व्यहोरा उल्लेख गर्दैमा यसकै आधारमा निजले शिक्षा नियमावली, २०५९ को नियम ११४(ख) को व्यवस्थाबमोजिम सुविधा पाउनुपर्ने भन्ने नदेखिने।

रिट निवेदकले नोकरी जोडिपाउनका लागि आफू नोकरीमा बहालमा रहुन्जेल सेवा अवधि गणना गर्न निवेदन नदिई अवकाशपछि मात्रै निवेदन दिएको देखिन्छ। निवेदकले आफूले भरेको निजको सिटरोल फाराममा पनि आफ्नो पूर्व सेवाको उल्लेख गर्न सकेको देखिँदैन। पूर्व सेवा अस्थायी भएको कारणले आफूले निवृत्तिभरण पाउनसक्ने सम्भावना नदेखी उपदान लिइसकेकोसमेत रिट निवेदन व्यहोराबाट नै देखिन आएको हुँदा निवेदकको साविकको नियुक्ति स्थायी भन्ने पुष्टि नभएको र शिक्षा नियमावली, २०५९ को नियम ११४ ले अस्थायी शिक्षकको सेवा अवधि जोडिनसक्ने परिकल्पनासमेत नगरेको अवस्थामा निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्नेसम्मको अवस्था विद्यमान भएको नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

इति संवत् २०७१ साल भदौ २४ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-१०९५, निषेधाज्ञा/परमादेश, *श्यामलाल कुर्मी वि. सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, बाँकेसमेत*

राज्यको तर्फबाट सुकुम्बासी समस्या समाधान आयोग गठन गरी जग्गाविहीन अवस्थामा रहेका आफ्ना नागरिकहरूलाई जग्गा उपलब्ध गराउनु सार्वजनिक हित विरूद्ध हुन्छ भनेर कल्पनासम्म गर्न नसकिने विषयलाई सरकारी ऐलानीको रूपमा रहेको जग्गालाई कुनै व्यक्ति विशेषले आफ्नो व्यक्तिगतरूपमा प्रयोग गर्ने गरी रोक्न मिल्ने अवस्था रहन्न र राज्यलाई सो सरकारी ऐलानी जग्गा विहीन व्यक्तिहरूलाई वितरण नगर भनी भन्न मिल्ने अवस्था पनि रहन्न। यसरी यी पुनरावेदकले आफ्नो निजी सरोकारको विषय उठाएकोलाई सार्वजनिक हितको भन्न नमिल्ने।

पुनरावेदकले साविकदेखि प्रयोग गर्दै

आएको कि.नं. १०३ को सार्वजनिक ऐलानी जग्गालाई व्यक्तिगत तवरले बाटोको रूपमा प्रयोग गर्दै आइरहे पनि कानूनबमोजिम नै प्रयोग गर्ने गरी अधिकार सिर्जना हुन सक्तैन । आफ्नो नाममा नरही सरकारी ऐलानीको रूपमा रहेको जग्गालाई व्यक्तिगत प्रयोगमा ल्याउन खोज्ने कार्यमा निज निवेदकको हकदैया रहेको भन्नसक्ने अवस्था पनि रहन्न । पुनरावेदकले आफ्नो हक नपुग्ने सार्वजनिक ऐलानी जग्गालाई सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, बाँकेमा कुनै अमुक निवेदन दिई बाटो खोल्न खोजेको हो भने यस्तो सार्वजनिक जग्गालाई सार्वजनिक सरोकारको विषयको नाममा व्यक्तिगतरूपमा प्रयोग गर्ने गरी अदालतले पटक्कै सहयोग गर्न सक्तैन । अर्कोतर्फ पुनरावेदकले निजी सरोकारको विषय उठाइएकोलाई सार्वजनिक हित एवम् सरोकारको भन्न नमिल्ने र निजी स्वार्थको लागि सार्वजनिक सरोकारको बिन्दु बनाई परमादेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८।२।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-CI-१०९३, निषेधाज्ञा/परमादेश, *रामकृपाल कुर्मी वि. सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, बाँकेसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या. श्री ओम प्रकाश मिश्र,** ०६८-WO-०९२९, उत्प्रेषण, शान्तीदे*वी चौधरीसमेत वि. उपेन्द्रप्रसाद यादवसमेत*

लेनदेन मुद्दामा भएको फैसला अनुसारको बिगोको रकम बुझाउन यी निवेदकहरूको नाउँमा जारी भएको म्याद रीतपूर्वक तामेल भएको देखिएको, जायजात तायदात र पञ्चकृते मूल्याङ्कनसमेत रीतपूर्वकको भई लिलाम हुने सूचनासमेत रीतपूर्वकको तामेल भएको देखिएको, डाँक लिलाम हुँदाका अवस्थामा पुनः पञ्चकृते मूल्याङ्कन गर्नुपर्ने भन्ने कानूनी व्यवस्था नरहेको र छुट्टिई भिन्न भैसकेका यी निवेदकहरूका नाउँका जग्गाहरू लिलाम नभई ऋणीकै नाउँको जग्गा लिलाम भएको देखिएकाले निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने भएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-१४१९, जग्गा दर्ता, *मालपोत कार्यालय, गोरखा वि. गोपाल गुरूङ*

मालपोत कार्यालय जस्तो अर्धन्यायिक

निकायबाट सम्पत्तिका विषयमा परेको निवेदनउपर फगत २०३८।१०।०४ को निर्णयअनुसार व्यक्ति विशेषको नभई खर्च खरबारी कायम छ भनी उल्लेख देखिँदा एकपल्ट निर्णय भैसकेको जग्गामा सोही तहबाट पुन: निर्णय गर्न नमिल्ने व्यहोरा मात्रको आधार लिई दर्ता गर्न इन्कार गरेको न्यायोचित मान्न नमिल्ने ।

विवादित कि.नं. १०११ को जग्गा दर्ता गर्नु वा नगर्नु पर्ने भन्ने सम्बन्धमा सम्बद्ध प्रमाणको मूल्याङ्कन नै नगरेको, निर्णयाधार लिइएको मिति २०३८।१०।०४ को निर्णयका सम्बन्धमा प्रत्यर्थी वादीलाई कुनै प्रकारले जानकारी गराएको नदेखिएको अवस्थामा जग्गाजस्तो साम्पत्तिक अधिकारका विषयमा परेको वादीको निवेदनमै तोकसरह गरी कुनै प्रष्ट आधार, प्रमाण र कारणसहितको निर्णय भएको मिसिलबाट नदेखिँदा यसमा मालपोत कार्यालय, गोरखाले नै मिति २०३८।१०।०४ को निर्णय मिसिल, अभिलेखसमेत एकिन गरी सम्बद्ध प्रमाण बुझी कानूनबमोजिम निर्णय निरूपण गर्नु वाञ्छनीय देखिने हुँदा मालपोत कार्यालय, गोरखाको मिति २०६५।०९।०८ को निर्णय बदर गरी मालपोत कार्यालय, गोरखाले नै यस सम्बन्धमा आवश्यक प्रमाणहरू बुझी निर्णय गर्नुपर्ने भनी पुनरावेदन अदालत, पोखराको मिति २०६७।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अशोककुमार क्षेत्री

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल मङ्सिर २१ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०३४३, करार अनुसार उपयुक्त आदेश जारी गरिपाऊँ, *परमानन्द भट्ट वि. जिल्ला विकास समितिको कार्यालय, कन्चनपुरसमेत*

करार ऐन, २०५६ को दफा ८७(१)(२) अन्तर्गतको आदेशउपर पर्न आएको काठमाडौं जिल्ला, बूढानीलकण्ठस्थित विराट लेदर इन्डस्ट्रिज प्रा.लि. को तर्फबाट अधिकारप्राप्त विराट थापा वि. बङ्गलादेश बैङ्क लि. प्रधान कार्यालय, बिजुलीबजार, काठमाडौंसमेत भएको उपयुक्त आदेश जारी गरिपाउँ भन्ने २०६७-CI-१५९१, को मुद्दामा (स.अ. बुलेटिन, २०७१, अङ्क १०, भदौ २, पृष्ठ ६ मा) पुनरावेदन अदालत, पाटनबाट भएको करार ऐन, २०५६ को दफा ८७(१)(२) अन्तर्गतको आदेश अन्तर्कालीन आदेश भएको र सोबमोजिम आदेश जारी गर्न अदालतले इन्कार गरेको अवस्थामा सो आदेशउपर पुनरावेदन लाग्ने व्यवस्था करार ऐन, २०५६ मा भएको पाइँदैन । अन्तर्कालीन आदेशउपर पुनरावेदन लाग्ने सिद्धान्त र प्रचलन पनि छैन । त्यस्तो अन्तर्कालीन आदेशउपर पुनरावेदन सुन्ने अदालतमा मुलुकी ऐन, अ.बं. १७ नं. को निवेदनसम्म दिन पाउनेमा पुनरावेदन अदालत, पाटनले पुनरावेदन गर्नु भनी सुनाएको आधारमा मात्र पुनरावेदनको अधिकार सिर्जना हुँदैन । पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने सम्बन्धित कानूनमा नै व्यवस्था हुनुपर्दछ । पुनरावेदन

अदालतले पुनरावेदन दिन जानु भनी सुनाए पनि ऐनले नलाग्ने पुनरावेदन लिन र सुन्न पनि मिल्ने हुँदैन । तसर्थ, प्रस्तुत पुनरावेदन खारेज हुने भनी सिद्धान्त प्रतिपादन भएको देखिँदा प्रस्तुत पुनरावेदनमा पनि करार ऐन, २०५६ को दफा ८७(१)(२) को अवस्थाअनुसार पुनरावेदन अदालत, महेन्द्रनगरबाट अन्तर्कालीन आदेश भएउपर सो आदेशउपर पुनरावेदनको म्याद दिएबाट पुनरावेदन परेको देखिए तापनि उल्लिखित सिद्धान्तसमेतका आधारमा पुनरावेदनपत्र खारेज हुने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल कात्तिक १६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-CI-०५२६, लेनदेन, *मदननारायण चौधरी वि. चन्द्रनारायण चौधरी*

प्रतिवादीले दायर गरेको करकाप मुद्दा ठहर नभए पनि यस लेनदेन मुद्दामा भएको कागज के कस्तो रहेछ अर्थात् साँचो व्यहोराको हो होइन भन्ने सम्बन्धमा विचार गर्दा सम्बन्धित लिखत सद्दे साँचो व्यहोराको नभएको, वादीले आफूसँग मिति २०५०।२।१ मा १० थान लिखतमा करकापसँग कागज गराएकोमा सोमध्येको १ थान लिखत प्रस्तुत दावीको लिखत भई लिफामा कागज गराएको हो भनी प्रतिवादीले आफ्नो प्रतिउत्तर एवम् अदालतसमक्ष ७८ नं. अनुसार बयान गर्दा भनेको कुरासमेतलाई मध्यनजर राखी सुरू सिरहा जिल्ला अदालतले विवादित लिखतको सत्यता जाँचको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशाला पठाएकोमा सम्बन्धित लिखत लिफामा तयार भएको भनी राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको विशेषज्ञले मिति २०६१।४।५ को पत्रसाथ राय पठाएको देखिन्छ एवम् सो लिखतको बीचमा लागेको ऋणीको छापसम्बन्धमा विशेषज्ञको रायमा केरमेट नभएको ठाउँमा सो छाप लागेको भनी उल्लेख भएको देखिन्छ । उक्त लिखतमा केरमेट नभएको ठाउँमा लागेको बीचको छाप अक्षरको मुनि रहेको वा माथि रहेको भन्ने कुरासमेत स्पष्ट र यकिन नगरिएको भए पनि सो छाप लगाइराख्नुपर्ने कुनै प्रयोजन स्पष्ट नभएकाले सो छाप रहे भएको कारणले मात्र उक्त लिखत सद्दे साँचो व्यवहारअनुसार भएको भन्ने कुराको पुष्टि हुनसकेको नदेखिने ।

विवादित लिखत सम्बन्धमा समेत लिफामा छाप लगाएको भनी यस मुद्दाको प्रतिवादी वादी भई मिति २०५०।२।३२ मा करकाप मुद्दा दायर गरी चलिरहेकै अवस्थामा प्रस्तुत मुद्दाको वादीले प्रतिवादीलाई अर्थात् करकाप मुद्दाको वादीलाई मिति २०५६।६।६ मा रू.९७,२२,७५५।– जस्तो ठूलो रकम ऋण प्रदान गरेको भन्ने कुरा विश्वासलायक हुनसक्ने नदेखिने ।

लेनदेन मुद्दाको फिराद करकाप मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट मिति २०५७।२।३२ मा फैसला भएपश्चात मिति २०५९।५।१८ मा २०५६।६।६ को लिखत भनी दायर भएको देखिएबाट करकाप मुद्दाको परिणाम पर्खेर प्रस्तुत मुद्दा दायर भएकाले फिरादमा

उल्लेख भएअनुसार लेनदेन भएको भन्ने कुरा विश्वासलायक नदेखिने।

प्रतिवादीले ऋण लिएकोमा इन्कार गरेको, लिखत लिफामा तयार भएको भनी विशेषज्ञले स्पष्ट राय लिएको साथसाथै यस मुद्दाको प्रतिवादीले करकाप गरी लिफामा छाप लगाएको भनी यस लिखत सम्बन्धमा समेत दायर गरेको करकाप मुद्दा कारवाहीयुक्त अवस्थामा रहेकै अवस्थामा प्रस्तुत लेनदेन मुद्दाको वादीले प्रतिवादीलाई ऋण उपलब्ध गराएको भन्ने कुरा विश्वासयोग्य हुनसक्ने अवस्था नहुँदा वादीको पुनरावेदन जिकिरबमोजिम दावी पुग्ने अवस्था भएन । अत:एव यस अदालतबाट मिति २०६५।११।१५ मा निस्सा प्रदान गरिएको आधारसँग सहमत हुन नसकिने।

सिरहा जिल्ला अदालतबाट भएको मिति २०६२।१।८ को फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६२।५।१६ को फैसला सदर हुने।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल कात्तिक १६ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०४९४, ०५३६, कर्तव्य ज्यान, *त्रिवेणी पासी वि. नेपाल सरकार, नेपाल सरकार वि. त्रिवेणी पासी*

मृतक नाथु चौधरीले मिति २०६५।८।४ को वारदातबाट घाइते भएपश्चात् निजले दिएको निवेदनसमेतमा आफू र प्रतिवादीबीच कुटपीट गर्नुपर्ने पूर्व रिसइबि थियो भनी उल्लेख गर्न सकेको देखिँदैन । मृतक नाथु चौधरीको घरमा प्रतिवादी त्रिवेणी पासी मदिरा पिई आई श्रीमतीसँग रक्सी मागेको रक्सी दिन इन्कार गर्दा श्रीमतीलाई गालीगलौज र कुटपीट गर्न थालेको मृतकले प्रतिवादीलाई समात्न खोज्दा भागेको र मैले लखेट्न छोडेपछि केही समयपछि फर्की आई कुटपीट गरेको भन्नेसम्म उल्लेख गरेको देखिन्छ। यसबाट पूर्व रिसइबि रहेको र ज्यानै मार्नुपर्ने नियत भएको भन्ने कुरा नदेखिने।

मृतकलाई प्रतिवादीले धारिलो हतियारले प्रहार गरिएको अभियोग दावी लिइएकोतर्फ हेर्दा मृतकको शव परीक्षण प्रतिवेदन, घा जाँच फारामबाट धारिलो हतियार प्रहार भएका घाउका प्रकृति देखिँदैन। त्यस्तो धारिलो हतियार बरामद हुन सकेको अवस्था पनि छैन । जाहेरवालाले रडले हान्यो भनेकोमा सोसमेत बरामद भएको देखिँदैन। सबैभन्दा महत्त्वपूर्ण तथ्य मृतक स्वयम्ले २०६८।८।५ मा मौकामा दिएको निवेदनमा धारिलो हतियारले कुटपीट गरेको भनी उल्लेख गरेको देखिँदैन । मृतकको टाउकोमा लागेको चोट रडको नभै अन्य कारणले समेत लाग्नसक्ने हुँदा प्रतिवादीले रड प्रहार गरेकोबाट नै लागेको समेत भन्न मिलेन। यस सम्बन्धमा जाहेरवाला र मृतककी पत्नी ज्ञानमतीले रडले हानेको भनी बकपत्र गरे पनि रडले हानेको भन्ने कुरा अन्य प्रमाणबाट पुष्टि नभएकाले जाहेरीमा उल्लेख भएको आधारमा मात्र निजहरूको सो कथन मान्न मिलेन । यस्तो स्थितिमा धारिलो हतियारले मृतकलाई कुटपीट गरिएको भन्ने

मिसिल प्रमाणबाट पुष्टि हुन आएन । तसर्थ ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार मनसायसहितको हत्याको वारदात देखिन नआउने।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी पक्षको पुनरावेदन जिकिर तथा ऐ. महलको ५ नं. बमोजिम भवितव्य कायम गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

प्रतिवादीको मृतकसँग पूर्व रिसइबि रहेको भन्ने कुरा नदेखिनुको साथै मृतकमाथि फलामको रड प्रहार भएको समेत पुष्टि नभएकाले र वारदातको रूपबाट मृतकमाथि भएको कुटपीट आवेशप्रेरित मात्र भएको देखिनाले प्रतिवादी त्रिवेणी पासीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।३।१ को फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल कात्तिक १७ गते रोज २ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-WO-०८५१, उत्प्रेषण/परमादेश, *लोकनाथ दाहाल वि. महालेखा नियन्त्रक कार्यालय, बबरमहल काठमाडौंसमेत*

निवेदकले रिट निवेदनमा जिकिर गरेअनुसार निवेदकलाई सरूवा गर्ने गरेको निर्णय रद्द भैसकेको देखिँदैन। सरूवा भएको कार्यालयमा कानूनका म्यादभित्र हाजिर भै पद बहाली गर्न पाउनु सरूवा भै आउने कर्मचारीको अधिकार नै हो। सरूवा निर्णय गर्ने कार्यालयले सरूवा भएको कार्यालयमा हाजिर हुन जानु भनी रमानापत्र दिइसकेपछि सरूवा भै जाने कर्मचारीको साविक कार्यालयमा पदाधिकार समाप्त हुन्छ । हाल सरूवा भएको कार्यालयसँगको सम्बन्ध गाँसिन जाने हुन्छ र उक्त कार्यालयमा म्यादभित्र बहाली हुन जानु सरूवा भै आएको कर्मचारीको कर्तव्य हुन आउँछ। त्यस्तो कर्तव्य पालना गर्नुपर्ने सरूवा भै जाने कर्मचारीको सरूवा अन्यथा भएको अवस्थामा बाहेक हालको कार्यालयमा हाजिर गराउनुपर्ने कार्यालयको दायित्व हो । हाजिर नगराएकाले हाजिर गराउनु, कामकाज गर्न दिनु भन्ने परमादेश जारी गरिपाउँ भन्ने रिट निवेदन जिकिर रहेकोमा निवेदक सरूवा भै गएको कार्यालय, राजस्व अनुसन्धान विभाग मध्यमाञ्चल क्षेत्रीय कार्यालय, बारामा हाजिर गराउनु भनी अन्तरिम आदेश जारी भएकोमा उक्त आदेशानुसार हाजिर भै कामकाज गरी आएको भन्ने कुरा विद्वान् कानून व्यवसायीले बहसको क्रममा जानकारी गराउनु भएबाट सरूवा भएको कार्यालयमा यी निवेदक हाजिर भै कामकाज गरी आएको भन्ने कुरा प्रष्ट हुन आएको छ। तथापि रिट निवेदकलाई महालेखा नियन्त्रक कार्यालय,

अनामनगर काठमाडौंबाट राजस्व अनुसन्धान एकाई कार्यालय, बारामा सरूवा भएको २ वर्ष अवधि व्यतीत भैसकेको अवस्थासमेत देखिन्छ भने अर्कोतर्फ निजामती सेवा ऐन, २०४९ (तेस्रो संशोधन २०७०) मिति २०६९।१२।२९ देखि प्रारम्भ भई लागू भैसकेको छ । जसअनुसार निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (४)(७)(११) संशोधन भई सरूवासम्बन्धी व्यवस्थापनमा परिवर्तन भै निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (४) को खण्ड (ग), (घ) वा (ङ) को अवस्थामा बाहेक राजपत्र, अनङ्कित वा श्रेणीविहीन तहका सम्बन्धित कर्मचारी आफैंले स्वेच्छाले निवेदन दिएको अवस्थामा बाहेक सोही दफा १८ को उपदफा (३) बमोजिमको अवधि पूरा नभई सरूवा नगरिने गरी सरूवासम्बन्धी कानूनी व्यवस्थामा परिवर्तन भैसकेको हुँदा र निवेदकलाई प्रतिकूल असर परेको अवस्थामा उपचारको मार्ग अवलम्बन गर्नसक्ने नै हुँदा रिट निवेदन जारी गर्नुको कुनै औचित्यता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लालकाजी श्रेष्ठ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७० साल चैत ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-०८१७, उत्प्रेषण/परमादेश, *गेरे थापा क्षेत्री वि. शान्ता थापाक्षेत्रीसमेत*

रिट निवेदकउपर चितवन जिल्ला अदालतमा बहुविवाह मुद्दा चली उक्त मुद्दामा निजलाई १(एक) वर्ष कैद र रू.१०,०००।– जरिवाना हुने ठहरी अन्तिम फैसला भएको देखिन्छ । उक्त मुद्दामा निजलाई अदालतबाट जारी गरिएको समाह्वान म्याद निजले खरिद गरेको भनेको चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. १० मा जारी गरेको र उक्त घरमा निवेदकका श्रीमती, छोरा, छोरीसमेत बसी आएको देखिन्छ । रिट निवेदकले कृषि विकास बैङ्कबाट मिति २०६५।८।२५ मा आफूले खरिद गरेको उक्त घरजग्गा धितोमा राखी कर्जा लिँदा आफ्नो ठेगाना चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. १० मा देखाई लिएको मिसिल संलग्न कागजातबाट देखिन्छ । रिट निवेदकले आफूलाई कर्जा चाहिँदा उक्त ठेगाना देखाई कर्जा लिई लाभ ग्रहण गरेको देखिन्छ । यसर्थ रिट निवेदकले जिकिर गरेजस्तो आफ्नो ठेगाना अर्कै ठाउँ अर्थात् चितवन जिल्ला शुक्रनगर गाउँ विकास समिति वडा नं. ३ मा रहेको भन्ने भनाई पत्यारलायक देखिएन । यसरी निवेदकले आफूलाई जुन मन लाग्यो त्यो वतन मेरो हो भन्न पाउने देखिन आउँदैन, सो कार्य प्रमाण ऐन, २०३१ को दफा ३४ को विपरीत हुनजान्छ । रिट निवेदकले निवेदनसाथ पेस गरेको निवेदक यमुना खत्रीसमेत विरूद्ध पूर्णध्वज खत्रीसमेत विपक्षी भई चलेको संवत् २०६४ सालको रिट नं. ०६४-WO-०८१२ को उत्प्रेषणयुक्त परमादेश मुद्दा यस अदालतबाट मिति

२०६४।५।२६ मा भएको फैसला यस मुद्दामा आकर्षित हुने नदेखिने ।

निवेदकले दोस्रो विवाह गरेको हुँ भनी रिट निवेदकका श्रीमती, छोरा र छोरी बस्ने घरमा मिति २०६५।११।१८ गते दिनको करिब १ बजेतिर सावित्री थापालाई ल्याई निजलाई देखाई मैले उनीसँग बहुविवाह गरेको हुँ भनी भनेको कुरा प्रत्यर्थी शान्ता थापाले मौकामा र अदालतमा समेत उपस्थित भई लेखाएको र उक्त कुरालाई अनुसन्धानको क्रममा बुझिएका सुशीला लामा र लक्ष्मी बरामुसमेतले पुष्ट्याइँ गरी लेखाएको पाइन्छ । आफूले दोस्रो विवाह वा बहुविवाह नगरेको भए उक्त कुरालाई तथ्ययुक्त प्रमाणबाट रिट निवेदकले पुष्टि गर्नुपर्दथ्यो । आफूले आफ्नो कुरा भन्ने मौका पाएको समयमा अदालतमा उपस्थित भई प्रतिवाद गर्नुपर्दथ्यो । अनुसन्धानको क्रममा आफू थुनामा पर्छु कि भनी गैरहाजिर भएको, अदालतबाट रिट निवेदकलाई कसुरदार ठहर फैसला भएपश्चात पनि रिट निवेदक आफैं अदालतमा उपस्थित भई प्रतिवाद गरेको अवस्था छैन । अदालतबाट भएको फैसलालाई कार्यान्वयन गर्ने सिलसिलामा यी रिट निवेदक पक्राउ परेका छन् । आफू पक्राउ परेपछि मात्र प्रस्तुत रिट निवेदन दर्ता गराएको देखिन्छ । यस्तो अवस्थामा अदालतबाट भएको फैसला र अदालतबाट भए गरेका आदेशलाई अन्यथा भन्नुपर्ने देखिन नआउँदा अदालतको फैसलाअनुसार फैसला कार्यान्वयनको सिलसिलामा रिट निवेदक पक्राउ परी अदालतले गरेको फैसलाको करिब २ वर्षपश्चात् प्रस्तुत रिट निवेदन गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृत: रमेश रिजाल, प्रेम खड्का
कम्प्युटर: पद्मा आचार्य, गङ्गा के.सी.
इति संवत् २०७१ साल मङ्सिर १२ गते रोज ६ शुभम् ।

- ०६८-WO-०८१८, उत्प्रेषण/परमादेश, *गेरे थापा क्षेत्री वि. शान्ता थापाक्षेत्रीसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CR-००५३, बहुविवाह, *नेपाल सरकार वि. रमेशकुमार दाहाल*

प्रतिवादी रमेशकुमार दाहाल प्रहरीसमक्ष साबिती रहे भए पनि निजले उक्त साबितीलाई इन्कार गरी अदालतसमक्ष बयान गरेका छन् र निजको साबितीलाई समर्थित गरी पुष्टि गर्ने कुनै प्रमाण मिसिल संलग्न रहेको पाइँदैन । दोस्रो विवाह भई निज जाहेरवाली विरूद्ध अपराध गरेको प्रमाणित हुन प्रतिवादी रमेशकुमार दाहाल र भगवती पराजुलीको बीच विवाह भएको वा आपसमा पतिपत्नी भई बसेको प्रमाणित हुनुपर्ने ।

विवाह पुष्टि हुन भगवतीको वैवाहिक सम्बन्धको स्वीकारोक्ति नभएको अवस्थामा बहुविवाहको अपराध कायम गरी सजाय गर्ने गरेको खोटाङ जिल्ला अदालतको फैसला नमिलेकाले उक्त फैसला बदर उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको

मिति २०६७।३।२१।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लालकाजी श्रेष्ठ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल असार २६ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CR-११६३, हातहतियार, *नेपाल सरकार वि. माधुरी मुखिया*

प्र.मधुरी मुखियाले बोकेको फर्सा हातहतियार ऐन, २०६४ ले परिभाषित गरेको हातहतियारसमेत नदेखिएको र निजबाट कुनै पनि हातहतियार बरामद नभएको अवस्था रहेको र अन्य प्रतिवादीहरूले हातहतियार ऐनले परिभाषित गरेको पेस्तोललगायतका हातहतियार बोकेको देखिरहेको अवस्थामा खोका बरामद भएको तथ्यलाई पुष्टि गरिरहेको भए तापनि फर्सा बोकेको भनी सोही ऐनको दफा ३(२) तथा दफा ५(१) लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको सर्त बन्देजमा नरही हातहतियार आफूसाथ राख्न नहुने भन्ने व्यवस्थाको बर्खिलाप कसुर गरेको आरोप लागेकोमा फर्सा बोकेकै भए पनि हातहतियार ऐनले अनुमति लिनुपर्ने हातहतियार अन्तर्गत पर्न आउने देखिँदैन। प्र.मधुरी मुखिया अन्य कसुर अपराधमा संलग्न रहेको प्रमाणबाट पुष्टि हुन आएको देखिएमा कानूनबमोजिम कारवाही गर्न सकिने।

प्रतिवादी मधुरी मुखियालाई अन्य प्रतिवादीहरूले समेत आरोपित कसुर गरेको भनी पोल गरेको नदेखिएको अवस्थामा कसुर गरेको ठहर गरी रू. ४०,०००।– जरिवाना गर्ने ठहऱ्याएको सुरू फैसला न्यायसङ्गत् नदेखिएको भनी प्रतिवादी मधुरी मुखियाका साथबाट हातहतियार बरामद नभएको अवस्था हुँदा सुरूको फैसला उल्टी हुने ठहऱ्याई प्र. मधुरी मुखियालाई सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लालकाजी श्रेष्ठ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल असार २६ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CR-००६६, आयकर, *खुमराज पराजुली वि. जिल्ला सुनसरी, सोनापुर गा.वि.स. वडा नं. १ स्थित अहिरन्त मल्टिफाइबर्स लि.का तर्फबाट अधिकारप्राप्त वित्त प्रबन्धक अमितकुमार जैन*

आयकर ऐन, २०३१ को दफा ४३(१) मा आयको ५ प्रतिशतले हुने रकम आय निर्धारण गर्दा खर्चबापत कट्टा गरिने व्यवस्था भएकोमा स्वयम्कर विवरणबाट पुनरावेदक करदाताको कर लाग्ने अवधिमा करदाताले खुद आय रू.१९,३२,२६०।४० कायम गरेको भनी प्रत्यर्थीको निर्णय पर्चामा स्पष्ट उल्लेख भइरहेको स्थितिमा करदाताको कर लाग्ने अवधिमा नोक्सान कायम भएको नदेखिँदा उक्त रकम बराबरको ५ प्रतिशत वा १ लाख खर्च लेख्ने कानूनसम्मत नै देखिँदा सो सम्बन्धमा राजस्व न्यायाधिकरणको

फैसला अन्यथा भन्न नहुने।

गेष्ट इन्टरटेन्टमेन्ट खर्चमा अग्रिम कर कट्टी नगरेको भनी आयतर्फ समावेश गरेको मिलेन भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा उक्त खर्च लेखापरीक्षकको शुल्कबापतको खर्च नभई लेखापरीक्षणको क्रममा भएको लेखापरीक्षकको होटल खर्च, प्लेन टिकट आदि अन्य खर्च भन्ने देखिएकाले त्यस्तो खर्च अस्वाभाविक बढी नरहेको हदसम्म स्वभाविक मान्नुपर्ने देखिँदा यसमा अग्रिम कर कट्टी नगरेको भनी मिन्हा नदिएको मिलेको देखिएन भनी राजस्व न्यायाधिकरणले गरेको फैसला पनि मिलेकै देखिने।

मर्मत खर्च मिन्हा दिएको मिलेन भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा उक्त रकम रू.२०,०००।- भन्दा बढी भुक्तानी गर्दा बैंकमार्फत नगरी नगद भुक्तानी गरेको भनी खर्च अस्वीकार गरेको देखिन्छ । विपक्षी/प्रत्यर्थीतर्फबाट पेस भएको तत्सम्बन्धी विवरण हेर्दा उक्त रकम विभिन्न मर्मत कार्य गर्ने कामदारलाई भुक्तानी दिएको र एकै व्यक्तिलाई एक पटकमा रू.२०,०००।- भन्दा बढी रकम भुक्तानी गरेको भन्ने नदेखिएकाले सो रकम मिन्हा नदिई आयतर्फ समावेश गरेको नमिल्ने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला मिलेको देखिने।

ह्रास खर्च मिन्हा दिएको मिलेन भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा आ.व. २०५६/०५७ र आ.व. २०५७/०५८ को ह्रास खर्च आ.व. २०५७/०५८ मा नै दावी गरेको भनी कर नलाग्ने अवधिमा पर्न गएको आ.व. २०५६/०५७ को औसत ह्रास खर्च यस आ.व.को आय आर्जनसँग सम्बन्धित नदेखिएको भनी आयतर्फ समावेश गरेको देखिन्छ । आफूले स्टेटलाइन मेथडमा ह्रास खर्च दावी गरेको र अघिल्लो आ.व.को ह्रास खर्चसमेत त्यस अवधिमा थप गरी दावी गरेको होइन भन्ने प्रत्यर्थीको जिकिर लेखापरीक्षण प्रतिवेदनसमेतबाट समर्थित भइरहेको देखिँदा उक्त रकम मिन्हा नदिई आयतर्फ समावेश गरेको नमिलेको ठहर गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला मिलेकै देखिने हुँदा चन्दा खर्च, गेष्ट इन्टरटेन्टमेन्ट खर्च, मर्मत खर्च र ह्रास खर्च मिन्हा नदिई आयतर्फ समावेश गर्ने गरेको हदसम्म सुरू ठूला करदाता कार्यालय, काठमाडौंको मिति २०६१।०६।२७ को निर्णय पर्चा र मिति २०६१।०६।२८ को कर निर्धारण आदेशसमेत मिलेको नदेखिँदा उक्त निर्णय र आदेश सो हदसम्म केही उल्टी हुने ठहर्‍याई गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६५।१०।१२ को फैसला मिलेकै हुँदा सदर हुने र पुनरावेदक ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-११७६, उत्प्रेषण/परमादेश, *लालबाबु लाल कर्ण वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंसमेत*

विपक्षी त्रि.वि. सेवा आयोगले मधेशी

आरक्षणको लागि माग गरेको वातावरण विषयको उपप्राध्यापक पद १ मा गैर मधेशी व्यक्ति विपक्षी रीता सिंहको आवेदन फारम लिई लिखित तथा मौखिक परीक्षाबाट उत्कृष्ट ठहराई नियुक्तिका लागि सिफारिससमेत गरी रिट निवेदकलाई वैकल्पिक सूचीमा राखेकाले गैर मधेशी व्यक्ति विपक्षी रीता सिंहको आवेदन फारामलगायत परीक्षा र नियुक्तिको लागि गरिएको सिफारिससमेत कानूनी त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर गरी सो पदमा निवेदकलाई नियुक्ति दिनु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी गरिपाउँ भन्ने निवेदकको मुख्य निवेदन दावी रहेको देखिन्छ । विपक्षीहरूबाट पेस भएको लिखित जवाफको समग्र अध्ययन गर्दा साधिकार निकायबाट मधेशी भनी प्रमाणित भै आएको आधारमा रीता सिंहको आवेदन फाराम लिइएको र निज परीक्षामा समेत अब्बल भएबाट नियुक्तिका लागि सिफारिस गरिएको भन्ने उल्लेख भएको देखिने ।

त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० र त्रि.वि. सेवा आयोग उपप्राध्यापक पदको नियुक्तिका आधार एवम् सिफारिससम्बन्धी प्रक्रिया, २०६६ को नियम २(३) मा वर्गीकृत समूह र क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको अर्थ र प्रयोगअनुरूप नै हुनेछ भन्ने व्यवस्था रहेको र निजामती सेवा नियमावलीको नियम १४(४) (घ) मा "मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेस गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको छ । उपरोक्त ऐन नियमअनुरूप त्रि. वि. सेवा आयोगबाट मिति २०६६।१०।२५ मा सूचना प्रकाशित भई नियुक्तिका लागि सिफारिस भएकी रीता सिंहले आवेदन भर्ने म्यादैभित्र गा.वि.स. सचिवको सिफारिसको आधारमा सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारीले मिति २०६६।११।१९ मा मधेशी भनी प्रमाणित गरी दिएको प्रमाणपत्र पेस गरी परीक्षा फर्म भरी परीक्षामा उत्तीर्ण भई नियुक्तिसमेत लिइसकेको अवस्था एकातर्फ छ भने अर्कातर्फ यी निवेदक आफू स्वयम् लिखित परीक्षामा उत्तीर्ण भै अन्तर्वार्तासम्ममा सँगै सहभागी भै नतिजा प्रकाशन भइ आफू वैकल्पिक सूचीमा परेपछि मात्र विपक्षी रीता सिंहको योग्यताको प्रश्न उठाई उपचारको खोजीमा अदालत प्रवेश गरेको पाइँदा निवेदकलाई समर्पणको सिद्धान्तसमेतको आधारमा अदालतले न्यायको रोहमा मद्दत गर्न सकिने स्थिति नरहने ।

विपक्षी रीता सिंहले जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट मिति २०६६।११।१९ मा नै मधेशी भनी प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । निवेदकले निवेदनमा उल्लेख गरे जस्तो गाउँ विकास समितिले मात्र प्रमाणित गरेको नभई जिल्ला प्रशासन कार्यालय, सर्लाहीका प्रमुखले नै मिति २०६६।११।१९ मा प्रमाणित गरेको देखियो । प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई ल्याएको प्रमाणपत्रलाई

कानूनले मान्यता दिएको अवस्था छ । निवेदकले विपक्षी रीता सिंहले गा.वि.स. को मात्र सिफारिस पेस गरेको तर प्रमुख जिल्ला अधिकारीको सिफारिस नगरेबाट ऐन नियमविपरीतको नियुक्ति हो भन्ने कुरा खम्बिर नभएको हुदाँ कानूनले निर्दिष्ट गरेको प्रक्रिया पुर्‍याई मधेशीको प्रमाणपत्र प्राप्त गरी सोही आधारमा परीक्षा फर्मसमेत भरी परीक्षामा उत्तीर्ण भई मिति २०६८।२।११ बाट नियुक्तिसमेत प्राप्त गरी हाल सेवारत अवस्थामा रहेकी देखिनाले निवेदकको दावीअनुसारको विपक्षी रीता सिंह गैर मधेशी भएको भनी मान्न मिलेन । निजलाई उक्त पदमा प्रतिस्पर्धा गर्ने अधिकार कानूनत: प्राप्त भएको नै देखिँदा निवेदन मागअनुसार आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-CR-०८०८, जबर्जस्ती करणी, *नेपाल सरकार वि. हर्कबहादुर बुढाथोकी*

करणीकै कारण कन्याजाली नरहेको हो भने पनि प्रतिवादीले नै करणी गरेकाले कन्याजाली नभएको हो भन्ने कुनै स्वतन्त्र आधार पनि देखिँदैन । करणीबाट कन्याजाली नरहेको हो भने त्यो करणी प्रतिवादीबाट भएको भन्ने वस्तुनिष्ठ आधारबिना प्रतिवादीले नै करणी गरेका हुन् भन्न नमिल्ने ।

यी पीडिता प्रतिवादीकै संरक्षकत्वमा रहेको, पीडिता स्वयम् मिति २०६४।९।१७ मा अदालतमा उपस्थित भै गरेको बकपत्रमा जाहेरी आफूले नदिएको र जाहेरीमा उल्लिखित सहीछाप आफ्नो नभएको भनी उल्लेख गरेको आधारसमेतबाट प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय हुने ठहर्‍याएको सुरू फैसला सदर हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम जबर्जस्ती करणीको ३(३) नं. अनुसार ६ वर्ष कैद र पीडिताले प्रतिवादीबाट रू.१५,०००।– क्षतिपूर्ति भराइपाउने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला बदर गरी प्रतिवादीलाई सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।८।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-११८५, जबर्जस्ती करणी एवम् हाडनाता करणी, *नवराज बास्तोला वि. नेपाल सरकार*

आफ्नै छोरी पीडिताउपर जबर्जस्ती एवम् हाडनाता करणी गरेको कुरा निजले अनुसन्धानको सिलसिलामा कसुरमा साबित भई गरेको बयानलाई पीडिताको कागज, स्वास्थ्य परीक्षण प्रतिवेदन र स्वयम् प्रतिवादीकी श्रीमतीको

कागजसमेतबाट पुष्टि भइरहेको देखिने ।

प्रतिवादी नवराज बास्तोलाले अभियोग दावीबमोजिम पीडितालाई जबर्जस्ती एवम् हाडनाता करणी गरेको ठहर्‍याई प्रतिवादीलाई जबर्जस्ती करणीको ३(२) नं. बमोजिम ८ वर्ष र हाडनाता करणीको १ नं. बमोजिम १० वर्षसमेत जम्मा १८ वर्ष कैद हुने र जबर्जस्ती करणीको १० नं. बमोजिम पीडिताले प्रतिवादीबाट रू.२५,०००।– भराइपाउने ठहर्‍याएको सुरू फैसला र पुनरावेदन अदालत, विराटनगरले गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-CI-०७१२, मोही कायम, *दशराम साहुखल वि. निरज चक्रधरसमेत*

सर्जमिनको आधारबाट मात्र मोहियानी हक प्राप्त गर्न नसक्ने भए पनि यसले यथार्थमा जग्गा जोत्ने को हो भनी देखाएको वास्तविकतालाई सहज नकार्न सकिँदैन । त्यसैगरी जोत, छोडपत्रको घरसारको कागजबाट मात्र पनि मोहियानी हकको प्राप्ति हुन सक्तैन । मोहियानी हक लिनुदिनु गर्दैमा एकबाट अर्कोमा स्वत: मोहियानी सर्दैन पनि । कानूनबमोजिम मोहियानी प्राप्त गर्ने वा छोड्ने प्रक्रिया कानूनले नै निर्धारित गरेको हुँदा सोही प्रक्रियाबाट मोहियानी छोड्ने वा प्राप्त गर्नुपर्ने ।

घरसारको कागजको आधारबाट मोहियानी हक छोड्ने प्रक्रियाबाट मोहियानी हक एउटाबाट सरी अर्कोमा नजाने भए पनि यस्तो व्यवहारबाट वास्तविक स्थितिको बोध गर्दैन भन्न नमिल्ने ।

वादीले पेस गरेको फिल्डबुक, १ नं. लगत र २ नं. अनुसूची तत्कालको कानूनी व्यवस्थाबाट कानूनी मान्यता नहुने हुँदा त्यसको भरमा मात्र मोही कायम हुन नसक्ने र वादीका पिताले गरेको छोडपत्रको कागज र भूमिसुधार कार्यालयको सर्जमिनको आधारमा वास्तविक जोताहा देखिएका विवादित कि.नं.१५३ र १६२ को जग्गामा प्रतिवादी कृष्णमाया चक्रधरलाई र कि.नं.१५५ को जग्गामा सुरेन्द्र चक्रधरलाई मोही कायम हुने ठहर्‍याएको सुरू भूमिसुधार कार्यालय, भक्तपुरको मिति २०६३।८।११ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।५।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-००३७, केही सार्वजनिक अपराध, *नेपाल सरकार वि. इन्दल सिंह (गुडमोर्निङ) भन्ने इन्द्रराजप्रसाद सिंह भूमिहारसमेत*

वादी दावी नठहरेको वा आंशिक नठहरेको अवस्थामा वादीले पुनरावेदन गर्ने हो । वादी दावीबमोजिम कसुर ठहर भएकै

देखिन्छ । निर्णयकर्तालाई तजविजी अधिकार दिएको विषयमा उसले त्यसको प्रयोग गर्न नपाउने भन्ने हुँदैन । तजविजी अधिकारको प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले पहिलो पटकको कसुर भएको अवस्थामा कागज गराई छोडेको अवस्था छ । यसरी कागज गराई छोड्नको निमित्त प्रतिवादी हाजिर भई तारिखमा बसेकै हुनुपर्छ भनी कानूनमा सर्त राखिएको देखिँदैन । प्रतिवादी हाजिर भई तारिखमा नरहेको अवस्थामा कागज गराई छोड्न नपाइने भनी कानूनमा नभएको पूर्वसर्त राखी प्रमुख जिल्ला अधिकारीको तजविजी अधिकारको प्रयोगलाई अवरूद्ध गर्न मिल्दैन । यसप्रकार प्रस्तुत विवादमा तजविजी अधिकारको प्रयोग कानूनको आधारमा भएको र कानूनले नरोकेसम्म विभिन्न तर्क गरी त्यस अधिकारको प्रयोगलाई अवरूद्ध गर्न नमिल्ने र उक्त अधिकारको प्रयोगको आधारबाट भएको आदेशअनुरूप प्रतिवादीहरूले अब उप्रान्त कसुर गर्ने छैन भनी कागजसमेत गरी छुटी गई आदेशको कार्यान्वयनसमेत भइसकेको यस अवस्थामा नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीहरूले केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को देहाय (क), (ख), (च) र (ज) बमोजिमको कसुर अपराध गरेको ठहर्‍याई एक पटकको लागि केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६(२) बमोजिम अब उप्रान्त कसुर अपराध गर्नेछैन भनी कागज गराई छाडिदिने गरी जिल्ला प्रशासन कार्यालय, महोत्तरीबाट भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।६।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

इति संवत् २०७१ साल भदौ १० गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-११८९, ०६९-CR-०२२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रमान तामाङ डिम्डोङ, चन्द्रमान तामाङ डिम्डोङ वि. नेपाल सरकार*

कुनै नियत नै नभएको कर्पोरेसनहरूबाट भएको जनक्षतिमा त ज्यान कसुर ठहर गर्न सकिने गरी Corporate Manslaughter लेसमेत मान्यता पाएको विश्व समुदायको फौजदारी कानून र स्वयम् यस अदालतबाट क्रमबद्धरूपमा ज्यान मुद्दाहरूमा भएका व्याख्याहरू र संविधानको धारा १०० मा उल्लिखित न्यायका मान्य सिद्धान्तबाटसमेत प्रस्तुत वारदातलाई भवितव्यको संज्ञा दिन नसकिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. मा उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी उल्लेख भएअनुसारको प्रतिवादीले रिस थाम्न नसक्ने गरी कुन कुरा भएको वा कुन घटना घटेको थियो सो तथ्यगत कुरा मिसिलबाट स्पष्ट हुनसकेको छैन । १४ नं. भनेको आंशिक प्रतिरक्षाको जिकिर हो । यो प्रतिरक्षा प्रतिवादीले नउठाएसम्म अदालतले यसमा प्रवेश गर्न मिल्दैन । यो जिकिर प्रतिवादीबाट आउनुपर्छ र त्यसपछि त्यसको प्रमाण पनि निजले नै गुजार्नुपर्छ । प्रमाण ऐन, २०३१ को दफा २७ को

प्रावधानबाट यो कुरा प्रष्ट छ । वादी प्रतिवादीले जिकिर नलिएको कुरामा अदालतले प्रवेश गर्न नमिल्ने कुरा मुलुकी ऐन, अ.बं. १८४क नं. र १८५ नं. समेतबाट स्पष्ट देखिने।

प्रतिवादीले मृतकलाई किन बच्चा रोएको भन्दा मृतकले भनाभन भै झगडा भएसम्मको कुरा उल्लेख भए पनि के भनेर वादविवाद गरिन् सो कुरालाई प्रतिवादीले यकिन गर्न सकेको देखिँदैन । अदालतहरूले के कति कारणले प्रतिवादीले १४ नं. नै आकर्षित हुने हदको आत्मनियन्त्रण गुमाएको सो कुराको परीक्षण नै नगरी हठात् सो १४ नं. लगाई सजाय गरेको फैसलाहरूमा कानूनको कार्यविधिपक्षलगायत सारभूतपक्षको समेत त्रुटि भएको देखिने।

प्रस्तुत वारदातलाई मनसायप्रेरित ज्यानको वारदात कायम गर्नुपर्नेमा आवेशप्रेरित कायम गरी प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।७।२२।३ को फैसला उल्लिखित आधार कारणबाट त्रुटिपूर्ण हुँदा उल्टी भै प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने।

प्रतिवादीले पूर्व मनसाय राखी सुनियोजित तवरबाट गरे गराएको नदेखिएको, प्रतिवादी र मृतकबीचको सम्बन्ध सुमधुर नरहेको, त्यसै क्रममा प्रस्तुत कुटपीट भएको र कुटपीटपछि मृतक ठाउँमै नमरी त्यहाँबाट हिँडी पुरानो घरमा गएकी सो क्रममा प्रतिवादीले बेवास्ता गरेको कारणबाट समेत निजको मृत्यु भएको देखिएको अपराधको प्रकृति र प्रतिवादीको कसुरको मात्रा हेर्दा प्रस्तुत वारदात मुलुकी ऐन, अ.बं. १८८ नं. मा रहेको वा अपराधको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भित्र पर्ने देखिन्छ । त्यसमाथि प्रतिवादी र मृतकका बालबच्चा पनि रहेकाले यस अदालतबाट अ.बं. १८८ नं. का सम्बन्धमा प्रतिपादित नजिरहरूसमेतको आधारमा यी प्रतिवादीलाई १० वर्ष कैद सजाय गर्दा न्यायको उद्देश्य पूर्ति हुने देखिँदा प्रतिवादी पुनरावेदक चन्द्रमानलाई १० (दश) वर्षमात्र कैद हुने।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७१ साल कात्तिक १७ गते रोज २ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-१३१७, मोही लगत कट्टा, *दुर्गा तामाङ वि. पुसनलाल चौधरी*

मूल कित्ताबाट कित्ताफोड भई आएका कित्ताहरूमध्ये कुनै एक कित्तामा मोहीले मोहियानी हक छोडपत्र गर्दछ भने सो बाहेक बाँकी रहेका अन्य कित्ताहरूको मोहियानी हकसमेत समाप्त हुन्छ भन्न नमिल्ने।

२०४२ सालमा मोहियानी हक छोडपत्र भई लगत कट्टा भएको कि.नं. ५८७ को जग्गा कि.नं. ५०९ बाट कित्ताकाट भई आएको र हाल विवादित वादीको कि.नं. २५८४ को

जग्गा कि.नं.५०८ बाट कित्ताकाट भई आएको फरकफरक समान सहकित्ता भएको भन्ने देखिएको र मूल कित्ता फोड भई अलग भएको एक कित्तामा मात्र मोहियानी हक छोडपत्र भएको देखिएको हुँदा सोअन्तर्गत वादीको जग्गासमेत पर्छ भन्न मिल्ने नदेखिने।

दावीको कि.नं. २५८४ को मूल कित्ता कि.नं. ६२ मा प्रतिवादी पुसनलाल चौधरीका बाबु बाबुलाल चौधरीको मोहियानी हक कायम भइसकेको अवस्था देखिएको छ। कायम भएको मोहियानी हक मूल कित्ता फोड भए सँगसँगै कायम भएका नयाँ कित्ता नम्बरका जग्गाहरूमा समेत कायमै रहने अवस्था हुन्छ। मूल कित्ताबाट फोड भई आएको अर्को कित्तामा मोहीको लगत कट्टा हुँदैमा सबै कित्ताको जग्गाहरूबाट मोही हक समाप्त भै मोही लगत कट्टा हुने अवस्था नरहने।

भूमिसम्बन्धी ऐन, २०२१ मा भएको २०५३ सालको चौथो संशोधन र २०५८ सालको पाँचौं संशोधनहरूले दफा २६ख., २६ग., २६घ., २६घ.१, २६घ.२ र २६घ.३ मा गरेको व्यवस्थाहरूपश्चात मोहीको हक मोहियानी लागेको जग्गामाथि आधा जग्गाधनी सरह कायम भैसकेको हालको अवस्थामा मोहियानी लगत कट्टा हुने अन्य ठोस आधारहरू पुनरावेदकले प्रस्तुत गर्न सकेको नदेखिएको हुँदा कि.नं. २५८४ को जग्गाबाट मोही लगत कट्टा हुने अवस्था नदेखिँदा उक्त जग्गाबाट मोही लगत कट्टा नहुने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७१ साल भदौ २७ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६८-CI-१३१८, मोही नामसारी, *दुर्गा तामाङ वि. पुसनलाल चौधरी भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।*

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-१३२२, मोही बेदखली, *मनिता राई वि. पुसनलाल चौधरी*

विवादित कि.नं. २५८५ को जग्गामा वादीको बाबु मोही भएको भन्ने यसै लगाउको मोही लगत कट्टा मुद्दामा संलग्न जग्गाधनी प्रमाणपुर्जाबाट देखिन आएको अवस्था छ। प्रस्तुत अवस्थामा मेरो मोहियानी हक स्थापित जग्गामा जोतखन गर्न नदिई मोही बेदखल गरेको हुँदा हदैसम्म सजाय गरिपाउँ भन्ने दावी रहेकोमा उक्त कि.नं. २५८५ को जग्गा मेरो घडेरी जग्गा हो। वादीले कहिले पनि जोतेको छैनन् भनी प्रतिवादीले प्रतिवाद गरेको र पुनरावेदन दावी रहेको अवस्था देखिन्छ। साथै सोही जग्गाको मोही लगत कट्टा गरी पाउन यी पुनरावेदकले समेत वादी भै उजुरी गरेकोसमेत देखिएको र आजै यसै इजलासबाट यसै लगाउ रहेको ०६८-CI-१३२१ को मोही लगत कट्टा मुद्दामा मोही लगत कट्टा नहुने गरी तथा ०६८-CI-१३२० को मोही नामसारी मुद्दामा मोहियानी हक नामसारी हुने

गरी फैसला भएको हुँदा मोहीले कहिले पनि जग्गा जोतेको छैन भन्ने पुनरावेदकको भनाई खण्डित भएको अवस्था देखिँदा वादीलाई मोहियानी हक भएको जग्गामा जोतभोग गर्ने अधिकारबाट वञ्चित गरी मोही बेदखली गरेको पुष्टि हुन आएकाले जग्गाधनीले मोहीको हक बेदखली गरेको ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०२१ साल भदौ २७ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-१३२०, मोही नामसारी, *मनिता राई वि. पुसनलाल चौधरी*
- ०६८-CI-१३२१, मोही लगत कट्टा, *मनिता राई वि. पुसनलाल चौधरी*

## इजलास नं ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WH-००६२, बन्दीप्रत्यक्षीकरण, *ताजश्री सिंह वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत*

निवेदक प्रतिवादीलाई पक्राउ गर्ने र हातहतियार तथा आखेटोपहार बरामद गर्ने कार्य सम्पन्न भएपछि पनि पटकपटक फरकफरक मुद्दाहरूमा एकबाट छुटी जाने देखेमा अर्को मुद्दामा अनुसन्धानको लागि भनी म्याद थप गर्दै थुनामा राखिराख्ने मानसिकता पाल्नु प्रचलित सारवान् कानून, कार्यविधि कानून र त्यसका मान्य सिद्धान्तहरूको समेत प्रत्यक्ष उल्लङ्घन भएको देखिन आउने ।

निवेदक प्रतिवादीलाई मिति २०७०।११।२३ मै पक्राउ गरिसकेपछि सोही मितिबाटै उल्लिखित सो सबै मुद्दामा कानूनले निर्धारण गरेको कार्यविधि अपनाई अनुसन्धान गरिसक्नुपर्नेमा सोबमोजिम नगरी शरीर बन्धक तथा अपहरणसमेत मुद्दाबाट सफाइ पाएपछि पुन: वन्यजन्तु आखेटोपहारलगायतका मुद्दाहरूमा अनुसन्धानको लागि भनी मिति २०७१।२।२७ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम थुनामा राख्ने गरेको आदेश कार्यविधिसम्बन्धी मान्य सिद्धान्तसमेत विपरीत भई रिट निवेदकलाई कसै गरे पनि थुनामै राखिराख्नु पर्छ भन्ने प्रवृत्त भावना लिई पूर्वाग्रहबाट ग्रसित भई कानूनविपरीत गैरकानूनीरूपमा थुनामै राखिराखेको कार्य संविधानप्रदत्त स्वतन्त्रताको हक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा सोको मान्य सिद्धान्तसमेतको प्रतकूल हुन गएको देखिएकाले निवेदक महेशबहादुर सिंहलाई तुरून्त थुना मुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल असार ९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६७-WO-१०७५, उत्प्रेषण, *खतिजन खातुन वि. अलिमहमद मियाँ अन्सारीसमेत*

बिगो भरिभराउतर्फको कारवाही चल्दा बिगो दाखिला गर्नुपर्ने सम्बन्धित व्यक्तिलाई सो कुराको रीतपूर्वक सूचना दिएको हुनुपर्ने गरी मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(६) मा गरेको व्यवस्थासमेतलाई दृष्टिगत गर्दा पतिको मृत्यु भई लेनदेन मुद्दामा सकार गर्ने यी निवेदकलाई लिलामीको सूचना दिनुपर्ने अवस्था देखिन्छ । तर पर्सा जिल्ला अदालतबाट झिकाइएको बिगो भरिभराउको फैसला कार्यान्वयन मिसिल हेर्दा रमजान मियाँको नाउँ मात्र उल्लेख गरी लिलामको सूचना पुर्जी जारी भएको तथा टाँस म्याद तामेल गर्न सम्बन्धित गा.वि.स. मा पठाइएको पत्रमा समेत बोधार्थ रमजान मियाँलाई दिने उल्लेख भएबाट मिति २०६७।१०।५ को दिन लिलामी हुने सूचना रीतपूर्वक जारी भएको अवस्थासमेत देखिँदैन । त्यस्तै गरी लेनदेन मुद्दामा वादीलाई सरोकार रहने प्रमुख कुरा भनेको उसको कानूनबमोजिमको साँवा ब्याज असुली हुनु हो । लेनदेन मुद्दाका निज वादीले पाउने साँवा ब्याजसमेतको बिगो यी निवेदकले लिलामीउपर उजुरी गर्न पाउने दण्डसजायको महलको ६१ नं. ले दिएको १५ दिनको म्यादभित्रै दाखिला गरिपाउन जिल्ला अदालतमा निवेदन दिई अदालतको आदेशले बिगो दाखिला गरेको र लिलाम बदर भएको अवस्थासमेत देखिएको हुँदा उक्त लिलामलाई यथावत राख्नुपर्ने अवस्था नभएको प्रस्तुत परिस्थितिमा पुनरावेदन अदालत, हेटौंडाको आदेशबाट यी निवेदकको हकमा आघात पुगेको अवस्था देखिएकाले पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१२।३० को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। निवेदन माग दावीबमोजिम पर्सा जिल्ला अदालतको मिति २०६७।१०।१२ को आदेश यथावत कायम राख्नु भनी परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल कात्तिक २७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६७-WO-०२०८, उत्प्रेषण, *रामसागर साह वि. तहसिल शाखा, धनुषा जिल्ला अदालत, जनकपुरसमेत*

निवेदकको जग्गा रोक्का राखी बिगोबापत लिलामीको प्रक्रिया अघि बढाइएकोमा जग्गा रोक्का राख्ने आदेश तथा सो आदेशलाई सदर गर्ने गरी जिल्ला अदालत तथा पुनरावेदन अदालतसमेतबाट भएको आदेशहरूको सम्बन्धमा हेर्दा ऋणी पञ्चु साह निवेदकको बाबु भएको तथा निजहरूबीच अंश मुद्दा चली मिलापत्र भएको अवस्था रहेको र हाल निज पञ्चु साहको मृत्यु भैसकेको भन्ने देखिन्छ । सो मिलापत्रउपर मिलापत्र बदर मुद्दा चली यसै अदालतमा कारवाहीयुक्त अवस्थामा

रहेको तथ्य एकातिर छ भने अर्कोतर्फ उक्त $१^{१}/_{२}$ जग्गा मिति २०६७।९।१८ गतेको लिलामको सूचनाबमोजिम डाक लिलाम भई मिति २०६७।९।२३ को तामेली पर्चाबमोजिम लिलामीको कारवाहीसमेत सम्पन्न भैसकेको देखिएको हुँदा हाल प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भैसकेको अवस्था देखिएकाले र अंश मुद्दामा भएको मिलापत्र बदरको सन्दर्भमा यसै अदालतमा पुनरावेदन परी कारवाहीयुक्त अवस्थामा रहेकाले उक्त विषयका सम्बन्धमा सो मुद्दाबाटै निर्क्यौल हुने नै हुँदा प्रस्तुत अवस्थामा निवेदकको माग दावीबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गरिरहनु नपर्ने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल कात्तिक २७ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६९-WO-०७६१, उत्प्रेषण/परमादेश, *गीतादेवी श्रेष्ठ वि. पुनरावेदन अदालत पाटन, हरिहरभवन ललितपुरसमेत*

चलन चलाउने प्रयोजनको निमित्त तर्फ निश्चित गरिनु स्वाभाविक नै हुने र सोहीबमोजिम लिनेदिने दुबै पक्षले संयुक्त निवेदन दिई जुजुकाजी महर्जनको भागमा दक्षिणतर्फबाट तथा रविना कुमारी श्रेष्ठ र सृष्टी श्रेष्ठका भागमा उत्तरतर्फबाट चलन चलाई पाउन मन्जुर गरेको आधारमा चलन चलाउने प्रक्रिया अगाडि बढी अदालतबाट मिति २०६९।६।२२ मा घर खाली गर्न सूचना जारी भएको अवस्थालाई अन्यथा भन्न सकिने अवस्था नदेखिने।

सम्पूर्ण कित्तामध्ये केही भाग घर र जग्गाको केही भाग पर्ने गरी बन्डा मुचुल्का भई आएको कि.नं. १८४ बाट पुन: आधा हस्तान्तरण गर्दा लिनेदिने दुबै पक्षले घर र जग्गा दुबैबाटै लिनुदिनु गर्नुपर्दछ भनी बाध्य पार्न नसकिने तथा लिनेदिने पक्षले घर मात्र वा जग्गामात्र लिनुदिनु गर्दा यी निवेदकको आफ्नो सम्पत्ति भोग चलन गर्न पाउने कुरामा कानूनत: बाधा पर्ने अवस्थासमेत नदेखिएको हुँदा निजको कानूनी तथा संवैधानिक हकमा आघात परेको अवस्था नदेखिएको र जिल्ला अदालतबाट चलन चलाउनेतर्फको कारवाहीसमेत सम्पन्न गरी मिति २०६९।९।२९ मा चलन चलाई दिएको देखिएको हुँदा निवेदन मागबमोजिम मिति २०६९।८।८ को आदेश तथा सोलाई सदर गरेको मिति २०६९।९।१९ को पुनरावेदन अदालत, पाटनको आदेश तथा मिति २०६९।६।२२ को सूचनाको विरूद्धमा उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नभएकाले निवेदकको मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल कात्तिक २७ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६९-WO-१३१७, उत्प्रेषण, *मु.स. गर्ने रामलक्ष्मी श्रेष्ठ वि. पुनरावेदन अदालत, पाटन ललितपुरसमेत*

निवेदकले जिकिर लिएका मुद्दाहरूमा मिति २०६६।१।३० मा भक्तपुर जिल्ला अदालतबाट र मिति २०६७।७।१० मा जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट फैसला भैसकेको देखिएको, फैसला कार्यान्वयनको लागि निवेदन परेको अवस्था र तहसिलदारको आदेश जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट समेत समर्थित भई फैसला कार्यान्वयनको प्रक्रिया स्थगित नगर्ने गरी आदेश भएको देखिएको हुँदा फैसला कार्यान्वयनको क्रममा त्यसरी भएका आदेशहरू तथा कामकारवाही गैरकानूनी वा बेरीतको भन्न सकिने अवस्था देखिँदैन र ती आदेशहरूले निवेदकको हक अधिकारमा आघात परेको भनी मान्न मिल्ने अवस्था नदेखिएको तथा निज निवेदकले यस अदालतमा दायर गरेको दोहोर्‍याई पाउँ भन्ने निवेदनहरूमा मिति २०७०।९।१९ मा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई कारवाहीयुक्त अवस्थामा रहेको हुँदा निजले पाउने अंश, सम्पत्ति सम्बन्धमा ती मुद्दाहरूबाटै निर्णय हुने नै हुँदा हाललाई निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल कात्तिक २७ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६८-CI-०८०९, निषेधाज्ञा/परमादेश, *मधुसुदन मगरसमेत वि. रामकृष्ण नगरकोटीसमेत*

निवेदक तथा पुनरावेदक स्वयम्को सुरू रिट निवेदन व्यहोराबाटै निजलाई पहिला नै तयार गरी राखेको कागजमा हेर्न पढ्न नदिई कागज गराएको हुँदा सो विरूद्ध विपक्षीहरूउपर ललितपुर जिल्ला अदालतमा फौ.नं. ८२३ को करकाप मुद्दा दायर गरेको भन्ने देखिन्छ । साथै, सोही रिट निवेदन व्यहोराबाट तपाईंले गरेको कागजअनुसारको साँवा ब्याज दिनुहोस् भनी धम्क्याई रहेको भन्ने पनि उल्लेख गरेको देखिँदा रिट निवेदन तथा लिखित जवाफ व्यहोराबाट यी रिट निवेदक तथा विपक्षी व्यक्तिहरूबीच कुनै आर्थिक कारोबार भएको कुरालाई इङ्गित गर्दछ । सो तिर्ने बुझाउनेलगायतका सर्तनामाबमोजिमको कार्य नभएपश्चात् प्रस्तुत विवाद सिर्जना भएको देखिन आउँछ । विपक्षी व्यक्तिहरू तर्फबाट प्रस्तुत भएको लिखित जवाफ हेर्दा पनि बुझाउनुपर्ने साँवा ब्याज बुझाउने गरी मिति २०६७।१२।१ मा सर्तनामाको कागज गरिदिएकाले रिट निवेदकलाई धाकधम्की दिई रकम असुल गर्नुपर्ने र पुन: लिखित कागज गराउनुपर्नेसम्मको कुनै आवश्यकता नरहेको भन्ने उल्लेख गरेको देखिँदा यी रिट निवेदक र विपक्षीबीच आर्थिक कारोबार भएको कुरालाई पुष्टि गरिरहेको अवस्था छ । तथापि यी पुनरावेदक तथा रिट निवेदकले विपक्षीहरूउपर करकाप मुद्दा दायर गरी ललितपुर जिल्ला अदालतमा विचाराधीन रहिरहेको अवस्थामा के कस्तो लिखत कागज गरिएको हो, त्यस्तो कागज कुनै आर्थिक कारोबारको सिलसिलामा तयार गरिएको हो वा करकापपूर्वक गरिएको हो भन्ने

तथ्यसमेत दोहोरो प्रमाण बुझी निरूपण हुने नै हुँदा हाल तत्काल रिट निवेदकलाई अनावश्यकरूपमा पक्रने समाउने तथा अन्य कागजात गर्ने गराउनेसम्मको आशङ्का विद्यमान रहेको देखिन नआउँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्नेसम्मको स्थिति तत्काल नदेखिँदा सुरू रिट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।४।३२ मा भएको आदेश मुनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल जेठ २२ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६८-CI-११२७, निर्णय बदर, *कृष्णभक्त श्यामासमेत वि. विष्णुभक्त श्यामासमेत*

पुनरावेदक वादीले सुरू मालपोत कार्यालय, भक्तपुरमा आफ्ना ठूला बुबा रत्नबहादुर श्यामाको हक खाने अरू कोही हकदार अंशियार नभएकाले आफ्ना पिता कृष्ण श्यामाले स्याहारसुसार गरी रिझाएबापत उल्लिखित विवादित जग्गाहरू पिताले अष्टलोह (बकसपत्र) पाएको र निजको देहावसानपश्चात् आफ्नो नाममा नामसारी भएकोले मालपोत कार्यालय, भक्तपुरबाट मिति २०६७।१२।२३ मा एकपक्षीयरूपमा भएको साविक निर्णय सदर गरिपाउँ भन्ने जिकिर लिएको देखियो । यी निवेदकसमेतले मालपोत कार्यालय, भक्तपुरमा मिति २०६६।२।६ मा निवेदन दायर गर्नुभन्दा पूर्व नि.नं. १८४ र १८८ का प्रस्तुत विवादित जग्गाहरूका सम्बन्धमा विपक्षी प्रतिवादीहरू समेतले मिति २०६६।१।२५ मै छुट जग्गा दर्ता गरिपाउँ भनी मालपोत कार्यालय, भक्तपुरमा निवेदन दायर गरिसकेको अवस्थासमेत मिसिल संलग्न मालपोत कार्यालयको रेकर्ड मिसिलबाट देखिन्छ । पहिले पेस भएको उक्त निवेदनको अतिरिक्त मिति २०६६।२।६ को कान्छा श्यामाको दर्ता दावीको निवेदनपश्चात् मालपोत कार्यालयले प्रकाशित गरेको ३५ दिने सूचनाबमोजिम मिति २०६६।४।१ मा विपक्षीहरूतर्फबाट निवेदन दर्ता भैरहेको मिसिल संलग्न कागजातबाट देखिइरहेको स्थिति छ । यस्तो दोहोरो निवेदन हक दावी परी तेरोमेरो प्रश्न सिर्जना भएको अवस्थामा विद्यमान ऐनको व्यवस्था हेर्दा मालपोत ऐन, २०३४ को दफा ३१ को प्रतिबन्धात्मक वाक्यांशमा "... दफा ७ बमोजिम मालपोत कार्यालयले हक बेहकसम्बन्धी प्रश्न उठाई अदालतबाट निर्णय गर्नुपर्ने गरी गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछैन" भन्ने व्यवस्था गरेको देखिने ।

हकबेहकको स्थिति सिर्जना भएपछि विवादित घरजग्गासम्बन्धी सम्पत्तिउपर पक्षहरूलाई आफ्नो हक पुग्नसक्ने नसक्ने सम्बन्धमा टुङ्गो लगाई ल्याउन सम्बन्धित जिल्ला अदालतमा नै पठाउनुपर्ने देखिँदा पक्षहरूले दोहोरो हकदावी गरिरहेको स्थिति हुँदाहुँदै मालपोत कार्यालय, भक्तपुरले मिति २०६७।१२।२३ मा कान्छा श्यामाको नाममा एकलौटी दर्ता गर्ने गरी गरेको निर्णय बदर

गरी हकबेहकको टुङ्गो लगाउन प्रस्तुत मुद्दा सुरू भक्तपुर जिल्ला अदालतमा पठाइदिनुपर्ने ठहऱ्याई पुनरावेदन अदालत, पाटनले मिति २०६८।७।१४ मा गरेको फैसला कानूनसङ्गत एवम् मुनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल जेठ २२ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा. न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०५०५, निषेधाज्ञा, *प्रेमबहादुर गान्धर्वसमेत वि. नन्दन सामुदायिक वन उपभोक्ता समूह, नवलपरासी*

जिल्ला वन कार्यालय, नवलपरासीबाट विपक्षी नन्दन सामुदायिक वन उपभोक्ता समूहलाई राष्ट्रिय वनक्षेत्र सामुदायिक वनको रूपमा कानूनबमोजिम हस्तान्तरण भएको तथ्यमा विवाद रहेको देखिँदैन । विपक्षी नन्दन सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिको मिति २०६७।४।२४ को बैठकबाट अतिक्रमित वनक्षेत्रमा अव्यवस्थितरूपमा छरिएर रहेका घर टहराहरूलाई व्यवस्थितरूपमा स्थानान्तरण गर्ने भनी निर्णय भएको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । उक्त निर्णय यिनै निवेदकमध्येका दीपक गन्धर्व गाइने तथा निजका परिवारसमेतको उपस्थितिमा भएको र निजले सो निर्णयमा हस्ताक्षर गरी स्वीकार गरेकोसमेत देखिन्छ । आफ्नो क्षेत्राधिकारभित्रको जग्गालाई व्यवस्थापन गर्ने कार्य गर्न पाउनुलाई अन्यथारूपमा लिन मिल्दैन । आफ्नोसमेत उपस्थितिमा भएको निर्णयहरूमा समर्थन जनाई बसोबास व्यवस्थित गर्ने कार्यलाई स्वीकार गरिसकेपछि पुन: सोही कार्यको विरूद्धमा उजुरी गर्नु न्याय र कानूनको दृष्टबाट उपयुक्त हुने नदेखिँदा सार्वजनिक पर्ति जग्गामा निवेदकहरूको निर्विवाद हक कायम भैनसकेको अवस्था हुँदा माग दावीबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७१ साल मङ्सिर १५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा. न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०९०१, अंश चलन, *उद्धव सिवाकोटी वि. प्रान्जल सिवाकोटीसमेत*

वादीहरू आफ्नो घरमा बस्न नसकी माइतीघरमा शरण लिन बाध्य भएकोसमेतको यस मुद्दाको अवस्थाबाट प्रतिवादीको यो पुनरावेदन जिकिर तथ्यपरक देखिन नआउने ।

नाबालक वादी आफ्नी आमा प्रिति सिवाकोटीका सँगसाथमा बसी आएको र प्रतिवादी बाबुको सँगसाथमा नबसेकी तथ्यमा विवाद छैन । यस स्थितिमा वादीले छोरीको भरणपोषणसमेतको लागि दैनिक खर्च दिनुपर्नेमा सो दिएको देखिँदैन । अंश पनि दिनुपर्ने होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मान्दा नाबालक वादीप्रति अन्याय हुन जान्छ । नाबालकको अंश

छुट्ट्याउनु न्यायसङ्गत नै हुन्छ । नाबालकको अंशहकको सम्पत्ति फिरादी प्रिति सिवाकोटीले बेहिसाब गरेमा निज कानूनबमोजिम जिम्मेवार हुने अवस्था रहँदा वादी दावीबमोजिम प्रतिवादी उद्धव सिवाकोटीबाट वादीहरूले ३ खण्डको २ खण्ड अंश पाउने ठहर्‍याएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६५।३।१५ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।३ को फैसला मुनासिब देखिँदा सदर हुने । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा. न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०९०३, हालैदेखिको बकसपत्र लिखत बदर, *सुनिल सिवाकोटीसमेत वि. प्रान्जल सिवाकोटीसमेत*

हाम्रो कानूनले परिवारमा जन्मेको नाताले नैसर्गिक आधारमा अंशबापत पाएको, ज्ञानसीपबाट आर्जन गरेको र तेस्रो दानबकस वा अपुताली पाएको समेतका सम्पत्ति पाउने ३ किसिमको व्यवस्था गरेको । मुख्यलाई First among the equals को रूपमा सम्म राखेको । सगोलको सम्पत्ति सबै अंशियारको बराबर हक लाग्ने common property भएकाले मुख्य व्यक्तिले व्यवहार चलाउने अधिकारको दुरूपयोग नहोस् भनेर check and balance को रूपमा यो व्यवस्था भएकाले संयुक्त इजलास ले ३ भागको २ भाग लिखत बदर गरेको मुनासिब गर्दै नेकाप २०४८ को पृष्ठ ७८१ मा प्रकाशित केशवप्रसाद नेपालको मुद्दामा वादीहरूको उमेर १७, ७ र ५ वर्ष भई नाबालक भएकाले मन्जुरी लिन नपर्ने भनी वकसपत्र बदर हुन नसक्ने ठहर्‍याएको रूलिङ Overrule गरेको देखिने ।

अंश मुद्दा परेपछि वादीसमेतका अंशियारको अंशहक पुग्ने विवादित कि.नं. १८६६ को जग्गा वादीहरूको मन्जुरी नलिई यी पुनरावेदक प्रतिवादी उद्धव सिवाकोटी दिने र प्रतिवादीहरू चूडामणि सिवाकोटी र सुनिल सिवाकोटी लिने भै मिति २०६४।३।२५ मा पारित भएको हा.ब. लिखतमा कायम रहनसक्ने देखिँदैन । यस अदालतको संयुक्त इजलासले विवादित जग्गा प्रतिवादी उद्धवले आफ्नो पालामा आर्जन गरेको आफूखुसी गर्न पाउने सम्पत्ति भएको निष्कर्षमा पुगी नजिरहरूसमेत उल्लेख गरी प्रदान गरेको निस्सासँग सहमत हुन सकिएन । यसर्थ वादी दावीबमोजिम ३ खण्डको २ खण्ड लिखत बदर गरी वादीहरूका नाममा दर्तासमेत हुने ठहर्‍याएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६५।३।१५ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।३ को फैसला मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल कात्तिक १९ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०३१६, उत्प्रेषण/परमादेश, *आशाराम साह वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत*

शिक्षक सेवा आयोगबाट नियुक्तिको लागि सिफारिस भएको उम्मेद्‌वारलाई सम्बन्धित जिल्ला शिक्षा अधिकारीले सिफारिसपत्र प्राप्त भएको मितिले तीस दिनभित्रमा नियुक्ति दिनुपर्नेछ भन्ने कुरामा विवाद रहेको देखिँदैन । कुनै निकाय वा पदाधिकारीले कानूनबमोजिम गर्नुपर्ने काम तोकिएको समयमा नगरेमा सो काम गराउनका लागि वा सरोकारवालाले आफ्नो हकको प्रचलन गराउनका लागि परमादेशको निवेदनसाथ अदालतमा प्रवेश गर्न पाउने हुन्छ । तर प्रस्तुत मुद्दामा निवेदकले माग गरेबमोजिम शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरले मिति २०७१।३।२४ मा स्थायी नियुक्तिका लागि निवेदकसहितको नाम सिफारिस गरी सम्बन्धित जिल्ला शिक्षा कार्यालय, सिरहालाई पत्र पठाइएकोमा जिल्ला शिक्षा कार्यालय, सिरहाले शिक्षा नियमावली, २०५९ बमोजिम नै निवेदकलाई मिति २०७१।६।७ मा स्थायी नियुक्तिपत्र बुझाएको कुरा निज निवेदकले उक्त स्थायी नियुक्तिपत्र बुझिसकेको कुरा स्वयम् स्वीकार गरेका अवस्थामा यी निवेदकको कानूनी तथा संवैधानिक हकाधिकारमा आघात परेको मान्न मिल्ने देखिन नआएकाले शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरद्वारा मिति २०७१।३।२४ मा स्थायी नियुक्तिका लागि निवेदकसहितको नाम सिफारिस गरी सम्बन्धित जिल्ला शिक्षा कार्यालय, सिरहालाई पत्र पठाइएकोमा जिल्ला शिक्षा कार्यालय, सिरहाले निवेदकलाई शिक्षा नियमावली, २०५९ बमोजिम स्थायी नियुक्तिपत्र बुझाएका र निजले उक्त स्थायी नियुक्तिपत्र बुझी सकेको कुरा स्वयम्‌ले स्वीकार्य गरेको देखिँदा प्रस्तुत निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनुपर्ने नभई रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामानन्दप्रसाद अधिकारी

इति संवत् २०७१ साल कात्तिक २३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०३१८, उत्प्रेषण, *पुण्यप्रसाद अर्याल वि. गीतालक्ष्मी अमात्यसमेत*

विवादित जग्गाको सम्बन्धमा उक्त जग्गामा कसको वैधानिक हकभोग रहेको कुराको वस्तुगत प्रमाण पत्ता लगाउनका लागि जग्गाको दर्ता स्रेस्ता, घर निर्माणका लागि दिएको नक्सा पासको निवेदन, जग्गाको सिमाना कायम भएको मुचुल्का, जग्गाको सर्वेकै नक्सा प्रिन्ट, जग्गाको चार किल्ला स्पष्ट देखिने नक्सासमेत सम्बन्धित तत्‌तत् कार्यालयबाट झिकाई प्रमाण विश्लेषण गर्ने कार्य गरिन्छ । जसबाट कसैका हकअधिकारमा आघात पुग्ने नभई हकाधिकार स्थापित हुन आउँछ । प्रस्तुत रिट निवेदनमा निवेदक र विपक्षीका बीचमा मुख नमिलेका विवादित जग्गामा यसरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।७।१३ मा अ.बं. १७१ नं. बमोजिम

विवाद निरूपणका लागि प्रमाण बुझ्ने भएको कार्यलाई पुनरावेदन अदालत, पाटनबाटसमेत सदर भएका आदेशबाट यी निवेदकको कानूनी तथा संवैधानिक हकाधिकारमा आघात परेको मान्न मिल्ने नदेखिँदा काठमाडौं जिल्ला अदालतले विवादको निरूपणको लागि प्रमाण बुझ्नका लागि भएको आदेशलाई रिट निवेदनको माध्यमबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा प्रस्तुत निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनुपर्ने नभई रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामानन्दप्रसाद अधिकारी

कम्प्युटर: गीता घिमिरे गिरी

इति संवत् २०७१ कात्तिक २३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०४१५, उत्प्रेषण, *भीमराज बस्नेतसमेत वि. रामगोपाल बस्नेतसमेत*

प्रस्तुत मुद्दामा अदालतको फैसलाबमोजिम निवेदकहरूको रोहबरमा बन्डा मुचुल्का भै बन्डा छुट्ट्याई दाखिल खारेज दर्तासमेत भैसकेको देखिन्छ । निवेदकहरूले अंशबन्डाको ३२ नं. को म्यादभित्र फिराद गरेको देखिँदैन। बन्डाबमोजिम दाखिल खारेजसमेतको कारवाही बदर गरिपाउँ भनी जाँदा दरपीठ भएको र सोबमोजिम दुई तहबाट हेरी निर्णय भैसकेको देखिन्छ। काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनबाट निवेदकको निवेदन सम्बन्धमा भएको उपयुक्त आदेशमा कुनै त्रुटि नदेखिएको हुँदा रिट आकर्षित हुनसक्ने देखिएन । कानूनले स्पष्ट किटानी गरेको विषयमा अर्थात् कानूनबमोजिम तोकिएको हदम्यादभित्र निवेदक अदालतमा प्रवेश नगरेको अवस्थामा रिटक्षेत्रबाट अदालतले उक्त विषयमा विचार गर्न मिल्ने नदेखिँदा रिट निवेदन प्रथम दृष्टिमै लाग्नसक्ने नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विनोद रखाल

कम्प्युटर: बिक्रम प्रधान

इति संवत् २०७१ साल मङ्सिर २१ गते रोज १ शुभम्।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा. न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-AP-०२२४, भ्रष्टाचार, *किशोरकुमार श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदक किशोरकुमार श्रेष्ठलाई तल्लो अदालतको फैसलाबाट कैद नभई जरिवाना मात्र लागेको र सो जरिवानाबापत धरौट बुझाई पुनरावेदन गरेको भन्ने देखिएकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५९ को उपनियम (२) बमोजिम तारिखमा रहेकोमा सो तारिख निजले गुजारेको भए पनि उपनियम (५) बमोजिम निजले जुनसुकै अवस्थामा निवेदन दिई पुन: तारिखमा बस्न पाउने नै हुँदा यस अदालतका उपरजिस्ट्रारले तारिखमा राख्न इन्कार गरेको आदेश सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५९ को उपनियम (५) को अनुकूल नहुँदा

बदर हुने ।

इति संवत् २०७१ साल माघ १५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RE-००६३, उत्प्रेषण, *ध्रुवनारायण श्रेष्ठसमेत वि. कर्णबहादुर लामा*

प्रस्तुत निवेदनका निवेदकहरूलाई नेपाल सरकारको मिति २०७०।८।२५ को निर्णयानुसार पर्यटन बोर्डको सदस्यमा नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा ९(३) बमोजिम पुन: मनोनयन भई कार्यरत रहेको अवस्था देखिन्छ । विवादित मनोनयन सम्बन्धमा रिट निवेदकको कुनै दावी भएको देखिँदैन । त्यसबाट कुनै प्रत्यक्षरूपमा वा निकटवर्ती कानूनी हकमा असर परेको कुरा खुलाएको देखिँदैन । अन्तरिम आदेश जारी गर्दा विवादित निर्णय कानूनी त्रुटिपूर्ण भएको र सो निर्णय कार्यान्वयन भएमा रिट निवेदकको खास कानूनी हक सरोकारमा असर परी अपूरणीय क्षति हुने वा सुविधा र सन्तुलनको हिसाबले र अन्तरिम आदेश जारी गर्नु रिट निवेदकको पक्षमा हुने जस्ता कुराको विश्लेषण हुनपर्नेमा सो केही नगरी नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा ९(३) को अधीनमा नियुक्त भई कार्यरत व्यक्तिहरूको कामकाजमा कारण नखुलाई रोक लगाउने गरी विवादित मिति २०७१।३।३२ को अन्तरिम आदेश जारी हुने गरी भएको आदेश कानूनसङ्गत नभएकाले बदर हुने ।

इति संवत् २०७१ साल माघ २ गते रोज ६ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति